पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : २७ | २०७० माघ १७ गते शुक्रबार (Jan. 31, 2014) | मूल्य रू. १०/-

## एमालेभित्रै कालो राजनीति

काठमाडौँ । एमालेका अध्यक्ष झलनाथ खनालले कांग्रेस सभापति सुशील कोइरालालाई भेटेर सहमतिको सरकार बनाउन आग्रह गरेलगत्तै वरिष्ठ नेता माधव नेपालले 'हामीलाई के के दिने ? राष्ट्रपति, अर्थ र गृहमन्त्री चाहिन्छ ।' भनेर पासो थापे । केपी ओली हिजोको राजनीतिक सहमति इन्कार गर्दै नयाँ संविधानसभा नयाँ शिराबाट सुरू हुनुपर्छ भनिरहेका छन् । तीन नेताको तीन जिब्रे कुरा । के हो एमाले- के हो ? के हो ?

आन्तरिक रूपमा एमालेभित्र मारामारको महाभारत छ । वामदेव गौतम विरामी र भोगी (केपी, माधव)ले पार्टी चलाउन सक्दैनन्, म बलियो छु । मै चलाउँछु भनिरहेका छन् । माधव नेपाल राष्ट्रपति बन्ने बाटो बनाउँदै छन् भने केपी (बाँकी अन्तिम पेजमा)

# कांग्रेसको मुखमा एमालेको बल्छी

काठमाडौँ । राप्रपा नेपालबाहेक सबै साना दलहरूले कांग्रेसको नेतृत्वमा सहमतीय सरकार गठन गर्न स्वीकृति दिएका छन् । 'सबैलाई मिलाएर सरकार गठन गर्न र संविधान निर्माणको वातावरण बनाउन ।' यसरी स्वीकृति दिनेमा एमाले पनि छ । तर एमालेका अध्यक्ष झलनाथ खनाल र पार्टी निर्णय उल्लंघन गर्दै माधव नेपाल र केपी ओली मुख्य मन्त्रालयहरू र संविधान निर्माणमा नयाँ छलफल हुनुपर्ने बताइरहेका



छन् । एमालेले थापेको यो धरापलाई कांग्रेसभित्र 'काँग्रेसलाई बल्छी हाल्ने' भनेर बुझ्न थालिएको छ ।

यसैबीच काँग्रेसका नेता अमरेश कुमार



सिंह काठमाडौँ-दिल्ली एक बनेर फेरि एकपटक सरकार निर्माणमा भारतीय प्रभाव प्रदर्शन गर्न थालेका छन् । त्यसै पनि नेपालका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिवसम्म पनि भारतले नियुक्त गर्ने हो भन्ने नराम्रो नजिर राजनीतिकवृत्तमा बसेको छ । लोकतन्त्रअघिको जनयुद्ध, जनआन्दोलन र लोकतन्त्रपछिका सरकारहरू पनि भारतीय त्यो कालो छायाँबाट मुक्त हुन सकेनन् । अझ राजनीतिक नेताहरूको दिल्ली दौड बाक्लो देखियो ।

दोस्रो संविधानसभाको निर्वाचनमा जनताको व्यापक सहभागिता भयो । निर्वाचित जनप्रतिनिधि संविधानसभा/संसद् पुगेका छन् । तिनले त्यही पुरानो 'भारतीय छाता ओढ्ने कि नेपाली जनताको सम्मान गर्ने' भन्ने प्रश्न यक्ष बनेको छ । जनमतको कदर गर्ने, स्वाधीन हुने हो भने छिमेकीसँग मित्रभाव राख्ने र स्वदेशको स्वाधीनता रक्षा गर्नुपर्छ । कम्तीमा पनि जीवनको उत्तरार्धमा प्रधानमन्त्री बन्न लागेका सुशील कोइरालाले अमरेशकुमार सिंह जस्ता भारतीय दूतको

(बाँकी अन्तिम पेजमा)

## विश्वसम्मेलनमा सगरमाथा बदनाम

काठमाडौँ । सगरमाथा सरसफाई भयो कि भएन ? सफाइका लागि दिएको अनुदान सदुपयोग भएको आधार देखिएन । यस्तो आपत्ति प्रकट गरियो - अन्तर्राष्ट्रिय अल्पाइन क्लबको विश्व सम्मेलनमा । यसरी विश्वले आपत्ति प्रकट गर्दा पनि इको हिमाल आरोही संघ, पर्वतारोहण संघले लज्जावोध र जिम्मेवारीवोध गरेनन् । विश्व समुदायले दिएको दान- भागशान्ति जय नेपाल गरेर लुटिएको नस्रोतको दाबी छ ।

पर्यटन स्रोत भन्छ- सगरमाथा आरोही संघ र इको हिमाल नामक संस्थाले सगरमाथा सफाइको जिम्मा पाएका थिए । २०११ मा यसरी जिम्मा लिएपछि सगरमाथा सफाइ गर्न युरोपबाट ८ करोड, स्वीडेनबाट ३ करोड, नेपाल सरकारले ८० लाख, पर्वतारोहण संघबाट २० लाख, अन्य संघसंस्थाबाट १३ करोड ५० लाख र यसबाहेक नेपाल सरकारले पटक-पटक झन्डै (बाँकी अन्तिम पेजमा)

# विजय गच्छदारको सपना चकनाचुर

**अभियान संवाददाता**

काठमाडौँ । जहिलेसुकै पनि सत्ताकै वरिपरि घुम्ने बानी परेका मधेसी जनअधिकार फोरम लोकतान्त्रिका अध्यक्ष विजय गच्छदारका लागि दोस्रो संविधानसभाको चुनाव अफापसिद्ध सावित भएको छ । दोस्रो संविधानसभाको चुनावमा गच्छदारको पार्टीले प्रत्यक्ष र समानुपातिक दुवै गरी जम्मा १४ सिटमात्र पाएको छ । कुनैबेला अब आफू प्रधानमन्त्री बन्ने उद्घोष गरेका गच्छदार संसद्मा चौथो ठूलो पार्टी बन्ने दाउमा लागेका भए पनि उनलाई अन्य साना पार्टीहरूले पत्याउन नसकेको हुनाले गच्छदारको सपना सपनामै सीमित बन्न पुगेको छ । चौथो शक्ति बनाएर त्यसको नेतृत्व गर्दै फेरि सत्ता बार्गेनिङमा पुग्ने गच्छदारको सपनालाई केही साना मधेसवादी दलहरूले र जनजाति दलहरूले अहिले



समर्थन नगर्ने भएपछि उनको मोर्चा बनाउने चाहाना अधुरो बन्न पुगेको छ ।

सरकारमा सहभागी हुन बार्गेनिङ पावर बढाउने उद्देश्यले गच्छदारले संघीयता पक्षधरलाई समेटेर मोर्चा बनाउन खोजेको शंका गर्दै अन्य मधेसी दल र गैरमधेसी दलहरूले तत्काल गच्छदारलाई सहयोग नगर्ने अडान लिएपछि गच्छदार हुस्सिएका हुन् । उनीहरूले राजनीतिक खेलाडी गच्छदारलाई स्वार्थपूर्ति गर्नका लागि मोर्चावन्दी बनाउन खोजेको भन्दै मोर्चालाई सरकारमा सहभागी हुने अस्त्रका रूपमा अपनाउन सक्ने र आफैँमात्र राजनीतिक हिरो बन्न सक्ने निष्कर्ष निकाल्दै उनलाई सघाउनु गलत हुने निष्कर्ष निकालेका छन् । उनीहरूको निष्कर्षमा गच्छदार कांग्रेसी पृष्ठभूमिका भएका र कांग्रेस ठूलो पार्टी

(बाँकी अन्तिम पेजमा)

## नेकपा एमाले एक्लिन सक्छ : विजुक्छे

**अभियान संवाददाता**

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका सदावहार अध्यक्ष नारायणमान विजुक्छेले राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव अहिले नै हुनुपर्दछ भन्ने जिद्धि गरेमा नेकपा एमाले सहितका चुनाव चाहने दल एक्लिने चेतावनी दिएका छन् । पार्टीको ४० औं स्थापना दिवसको अवसरमा नेपाल प्राध्यापक समाजद्वारा हालै आयोजित शिक्षालाई उत्पादन श्रमसँग जोड्ने अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भ विषयक कार्यशालाको उद्घाटन गर्दै अध्यक्ष विजुक्छेले अन्तरिम संविधानले नकारेको र हालै सर्वोच्च अदालतले पनि अस्वीकार गरेको राष्ट्रपतिको निर्वाचनकै रट लगाइरहे नेकपा एमाले संविधानसभामै



एक्लिन सक्छ भन्दै अन्तरिम संविधानमा लेखिएको र सर्वोच्च अदालतले समेत

(बाँकी अन्तिम पेजमा)

## राष्ट्रपति निर्वाचनकै पक्षमा एमाले

काठमाडौँ । सर्वोच्च अदालतले नयाँ संविधान जारी नभएसम्म वर्तमान राष्ट्रपति र उपराष्ट्रपति पदमा बहाल रहने निर्णय सुनाए पनि नेकपा एमाले भने राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्ने अडानमै कायम रहेको छ । नेपाली कांग्रेससँग सत्ता साझेदारी प्याकेजमै हुनुपर्ने र राष्ट्रपति र उपराष्ट्रपति पनि त्यसैभित्र पर्ने एमालेले तर्क अघि सारेको छ ।

नेकपा एमालेका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले हालै एक सार्वजनिक कार्यक्रममा बोल्दै राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव मुद्दामामिलाभन्दा पनि राजनीतिसँग जोडिएको हुनाले त्यस विषयमासमेत छलफल र बहस हुनुपर्दछ भन्ने हामी चाहन्छौं, कांग्रेसले अनावश्यक अडान छाडेर सहमतिमै निर्णय गर्न कांग्रेसलाई आग्रह गरेका छन् । सर्वोच्च अदालतको फैसलामा समेत राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव राजनीतिसँग जोडिएको हुनाले राजनीतिज्ञहरूले नै त्यो टुंगो लगाउने विषय भएको स्वीकार गरेको भन्दै एक जना इजलासले गरेको निर्णयलाई संयुक्त (बाँकी अन्तिम पेजमा)

## सडकबाटै संविधान निर्माण गर्ने

काठमाडौँ । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले संविधानसभाबाट नभइ सडक संघर्षबाटै जनताको संविधान निर्माण गर्ने आफ्नो पार्टीको लक्ष्य रहेको बताएका छन् । अध्यक्ष वैद्यले नवलपरासीको प्रगतिनगरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै अवसरवादीविरूद्ध संघर्ष गर्दै क्रान्तिबाट निष्कर्ष निकाल्ने र जनतालाई नयाँ संविधान दिने दाबीसमेत गरेका थिए । अध्यक्ष वैद्य हालै कार्यकर्ताहरूसँग भेटघाट गरी अन्तरक्रिया गर्न भन्दै देश दौडाहामा निस्किएका हुन् ।

सोही अवसरमा बोल्दै अध्यक्ष वैद्यले नौटंकीमार्फत गरिएको संविधानसभाको निर्वाचनबाट आफ्नो पार्टीबाहिर भएको र एमाओवादी सरकार बाहिर हुने अवस्था आएकोले अब जनताको संविधान निर्माण नहुने हुँदा संविधानसभालाई विघटन गरी सर्वपक्षीय राजनीतिकसभाको नयाँ मोर्चा बनाउनु पर्ने माग वैद्यले अघि सारेका छन् । (बाँकी अन्तिम पेजमा)

# तीन दलीय सिन्डिकेटलाई पहिलो गाँसमै ढुङ्गा

काठमाडौँ । संविधानसभा /व्यवस्थापिका संसदमा उपस्थित भएका ३० दलहरू सबैको समान अस्तित्व भए पनि ठूला दल भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र एमओवादीको हैकमवादी नीति नै संविधान निर्माणका लागि बाधक हुने देखिएको छ । संसद्मा चौथो ठूलो दल भएको राप्रपा नेपाललाई निषेधको राजनीति गरी तीन दलका शीर्ष नेताहरू मात्र कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्ने पुरानै शैली फेरि पनि दोहोऱ्याइरहेका हुनाले माघ १५ गते बसेको व्यवस्थापिका संसदको वैठकमा पहिलो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व लिने भन्ने प्रस्ताव राप्रपा नेपालको विरोधका कारण पेश हुन सकेन ।

राप्रपा नेपाल र राष्ट्रिय जनमोर्चा नेपालसहितका अन्य साना दलहरूले अलग अलग विषयमा गरेको तिव्र विरोधका कारण तीन दल कांग्रेस, एमाले र







एमाओवादीले गरेको स्वामित्व ग्रहण सम्बन्धी प्रस्तावलाई तत्काल संसद्मा प्रवेश नगराउने भएका छन् । प्रायः सबै पार्टीका सभासद्हरू नयाँ अनुहारका आएका र उनीहरूलेसमेत पहिलो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व लिनु नहुने अडान राख्न सक्ने अवस्था देखेपछि तीन दलका शीर्ष नेताहरूले अहिले नै उक्त प्रस्ताव पारित गराउने कुटिल रणनीति लिएका थिए । तर राप्रपा नेपालका अध्यक्ष कमल थापाको कडा चुनौतीका कारण उनीहरू संसदमा प्रस्ताव पेश गर्न असफल भएका छन् ।

अहिले संविधानसभा/व्यवस्थापिका संसदले पूर्णता नै नपाएको अवस्थामा तीन दलले हतार-हतारमा कुनै प्रक्रिया नै नपुऱ्याई स्वामित्व ग्रहण सम्बन्धी प्रस्ताप पेश गर्नुको उद्देश्य के ? राप्रपा नेपालले

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्यौं ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# संविधानसभा/व्यवस्थापिकालाई बन्धक नबनाऊँ

राष्ट्रपति डा. रामवरण यादवले सहमतीय सरकार गठनका लागि पर्सी माघ १९ गते सम्मको समयसीमा राखेर दलहरुलाई आह्वान गरेपछि दलहरुले सरकार गठनको प्रक्रियालाई अघि बढाउन थालेका छन् । अन्तरिम संविधान २०६३ ले राष्ट्रिय सहमतिको सरकारको औचित्य र आवश्यकतालाई अनुभव गर्दै संविधानको धारा ३८ (१) मा ब्यवस्था भएअनुसार राष्ट्रिय सहमतिको सरकार गठनका लागि राष्ट्रपतिले आह्वान गरेका हुन् । पहिलो संविधानसभा/ब्यवस्थापिका संसदमा यो धारा प्रयोगमा आउन सकेन । राष्ट्रपतिले पटक-पटक समयसीमा थप्दै जाने अनि दलहरुले समय माग्दै जाने प्रवृत्ति पहिला पनि देखिएको हुनाले अहिले पनि त्यही प्रक्रिया दोहोरिन सक्ने अवस्था देखिएको छ । अहिले दलहरुले राष्ट्रिय सहमतिको सरकार गठन गर्ने प्रक्रिया सुरु गरेका भए पनि संसद्मा ठूला दल भएका नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीभित्रको आन्तरिक विवादले गर्दा सहमतिको सरकार निर्माण हुने सम्भावना भने न्यून देखिएको छ । प्रमुख दलहरुले राष्ट्रपतिको आह्वानलाई स्वीकार गरेको जस्तो देखाउनका लागि मात्र प्रक्रिया सुरु गरेको जस्तो देखाए पनि दलहरुबीच सघन वार्ता नभएको हुनाले सहमतिको सरकार भरिसक्के निर्माण नै नहुने, यदि भइहाले पनि अझै निकै लामो समय लाग्न सक्ने सम्भावना देखिन्छ ।

प्रमुख दलका शीर्ष नेताहरुले ब्यवस्थापिका संसदको वैठकमा एक वर्षभित्रमा संविधान जारी गरिसक्ने प्रतिवद्धता जनाएका हुनाले अब उनीहरुको ब्यवहार पनि त्यस्तै देखिएको खण्डमा मात्र एक वर्षभित्रमा संविधान जारी हुनसक्छ । विगतमा पनि सहमतीय सरकार निर्माण गर्ने प्रतिवद्धता दलहरुले जनाएका थिए तर ब्यवहारमा उनीहरुले एकअर्कोलाई निषेध गर्ने रणनीति लिएर अघि बढेका हुनाले पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन । त्यसबेला दलहरुले संविधान निर्माणलाई भन्दा सरकार निर्माण र गिराउने खेलमा मात्र उनीहरु सक्रिय भए । अहिले पनि त्यस्तै अवस्था आउन सक्ने भएको हुनाले दलहरुले अब विलम्ब नगरी सबै दलको सहमतिमा राष्ट्रिय सहमतिको सरकार निर्माण गरी संविधान निर्माणको कार्यलाई अघि बढाएको खण्डमा मात्र एक वर्षभित्रमा संविधान निर्माण हुन सक्छ । एक वर्षभित्रैमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता दलहरुले जनतासामु चुनावका बेला गरेका हुनाले आफ्नो प्रतिवद्धतालाई दलहरुले पूरा गर्ने इमानदारीता देखाउनै पर्दछ । त्यसैका लागि भए पनि दलहरुले सहमतीय सरकार निर्माण गर्नैपर्दछ । राष्ट्रिय सहमतिको सरकार निर्माण भएको खण्डमा मात्र संविधान निर्माणले प्राथमिकता पाउन सक्छ ।

संविधानसभाको दोस्रो निर्वाचनको परिणामले दलहरुलाई सहमति र सहकार्य अनिवार्य भएको सन्देश दिएको छ । यदि बहुमतीय सरकार गठन भए सहमति र सहकार्यको अभावमा संविधान निर्माण हुन सक्दैन । त्यसैले दलहरुले संविधान निर्माणको कार्यमा सहमति जुटाउन सक्छन् भने राष्ट्रिय सहमतिको सरकार किन निर्माण गर्न सक्दैनन् ? २०६२/२०६३ को आन्दोलनपछि सहमतीय सरकार बनेको थियो । त्यसबेला मूल्य र मान्यताका आधारमा सरकार संचालन भएको र त्यसबेला राजनीतिले अपेक्षित गति लिएको भए पनि त्यसभन्दा पछाडि दलहरुले सहमति गर्न नसकेका हुनाले मुलुक संकटमा मात्र फसेन विकास निर्माणमा समेत अवरोध सिर्जना भयो । स्थानीय निकायको चुनाव नभएको १६ वर्ष भएको छ । स्थानीय निकायहरु भ्रष्टाचारमा डुबेका छन् । जनताले अनावश्यक दुःखकष्ट सहनु परेको छ । सेवाग्राहीहरुले नजराना नचढाइ सेवा पाउने अवस्था नै छैन । यी सबै तथ्यहरु दलका शीर्ष नेताहरुले बुझ्दा बुझ्दै पार्टीगत स्वार्थमा लागि पार्टीगत कुरा उठाउनुभन्दा पनि पार्टीभन्दा माथि उठेर राष्ट्र नै पार्टीभन्दा ठूलो हो भन्ने हेक्का दलका नेताहरुमा भए सहमतीय सरकार बन्न कुनै कठिनाइ हुँदैन ।

मुलुक अहिले संवेदनशील अवस्थामा पुगेको छ । दलीय स्वार्थको तानातानले गर्दा जनताका समस्याहरु जस्ताको तस्तै रहेका छन् । संविधान निर्माणको कार्य गर्भमा लुकेको छ । केही राजनीतिक दलका नेताहरु पहिलो संविधानसभाले गरेका निर्णयहरु दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गर्नुपर्छ भन्दै अनावश्यक तर्क निकालेर सार्वभौमसत्ता सम्पन्न संविधानसभा/ब्यवस्थापिका संसदलाई अधिकारविहीन बनाउन खोजिरहेका छन् । दोस्रो संविधानसभाको चुनावबाट आएका जनप्रतिनिधिहरुले पहिलो संविधानसभाले गरेका निर्णयहरुको स्वामित्व लिन सक्दैन । पहिलो संविधानसभाको निरन्तरता दोस्रो संविधानसभा होइन । संविधानसभा/ब्यवस्थापिका संसद आफैँमा सार्वभौमसत्ता सम्पन्न भएको हुनाले उसले संविधान निर्माणको कार्य शून्यबाट गर्न पाउनु पर्दछ । यदि हिजोका दिनका निर्णयहरुका बारेमा जानकारी लिन चाहेको खण्डमा सभासद्हरुले जानकारी लिन सक्ने अवस्था भने विद्यमान रहेको हुनाले हिजोका निर्णयहरु स्वीकार गरिनु हुँदैन भन्ने हाम्रो धारणा रहेको छ ।

# सहमतीय सरकार निर्माणमा दलहरू नै बाधक

***देवेन्द्र चुडाल***

राष्ट्रपति डा. रामवरण यादवले दलहरूलाई संविधानमा व्यवस्था भएअनुसार संविधानको धारा ३८(१) अनुसारको सहमतीय सरकार निर्माण गर्नका लागि आह्वान गर्दै माघ १९ गतेभित्रमा प्रधानमन्त्रीको नमाम सिफारिस गर्न आह्वान गरेपछि दलहरू जोडघटाउतर्फ लागे पनि माघ १९ गतेभित्रमा सहमतीय सरकारको लागि नाम सिफारिस हुनसक्ने अवस्था देखिएको छैन । नेपाली कांग्रेस र राप्रपा नेपालबाहेकका अन्य दलहरूले संसदीय दलको नेतासम्म चुन्न सकेका छैनन् । कांग्रेसलेसमेत सर्वसम्मत ढंगले संसदीय दलको नेता चुन्न सकेन र उसले निर्वाचन पद्धति नै अपनाएको हुनाले कांग्रेसभित्रसमेत एकमत रहेको छैन । संविधानसभाको दोस्रो निर्वाचनमा कांग्रेस सबैभन्दा ठूलो पार्टी भएको नाताले उसले सबै दलहरूलाई मिलाएर लैजाने दायित्व पनि कांग्रेसकै भए पनि उसले पार्टीभित्रको आन्तरिक द्वन्द्वले गर्दा सबै दलहरूसँग वार्ता र छलफलसमेत गर्न सकिरहेको छैन । नेकपा एमालेभित्र पनि आन्तरिक रूपमा विवाद सिर्जना भएको छ । एमालेका अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल र अर्का प्रभावशाली नेता केपी ओली समेत संसदीय दलको नेता बन्ने होडमा रहेका हुनाले एमालेले संसदीय दलको नेता चुन्न नसकेको हो । नेकपा एमालेको स्थायी समितिको वैठकले ताजा जनादेशको हवाला दिँदै राष्ट्रपति, उपराष्ट्रपतिको समेत चुनाव हुनुपर्ने निर्णय गरेपछि सहमतीय सरकार निर्माण हुनेमा विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् । नेकपा एमालेले राष्ट्रपति र उपराष्ट्रपतिको चुनावलाई पहिलो प्राथमिकतामा राख्दै राष्ट्रिय सहमतिको सरकार निर्माणको कार्यलाई प्याकेजमा सहमति हुनुपर्ने आफ्नो पुरानो अडानलाई कायम राखेको हुनाले अब राष्ट्रपतिले समय थप्दै जाने र दलहरूले समय माग्दै जाने पहिलाकै पुरानो रोग फेरि बल्झिने प्रायःनिश्चित जस्तै रहेको छ ।

नेपाली कांग्रेसले भने एकवर्षभित्रमा संविधान निर्माण गरी नयाँ संविधान जारी भएपछिमात्र राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनपर्ने अडान लिएको अवस्थामा कसरी सहमतीय सरकारको निर्माण हुनसक्छ ? अर्कोतर्फ संसदमा तेस्रो ठूलो पार्टी भएको एमाओवादी र चौथो ठूलो दल राप्रपा नेपालले सरकारमा सहभागी नहुने उद्घोष गरिसकेका छन् । उनीहरूले कांग्रेस र एमालेलाई सहमती गरी सरकार निर्माण गर्न आग्रह गरिसकेको अवस्थामा राष्ट्रिय सहमतिको सरकार त परै जाओस् बहुमतीय सरकार समेत निर्माण हुन पनि कठिन देखिन्छ । कांग्रेस र एमालेले आ-आफ्ना अडान कायम राख्ने हो भने कुनै हालतमा पनि सरकार निर्माण हुन सक्दैन । सहमतीय सरकार निर्माण नभएको खण्डमा त्यसको प्रत्यक्ष मार संविधान निर्माणमा पर्छ । यदि नेकपा एमालेले राष्ट्रपतिको चुनाव हुनुपर्ने अडानलाई कायम राख्ने हो भने नेपाली कांग्रेसले बहुमतीय सरकार निर्माणका लागि एमाओवादी लगायत अन्य साना दलहरूलाई सहमतिमा ल्याएर बहुमतीय सरकार निर्माण गर्न सक्छ । नेपाली कांग्रेससँग १९४ जना, एमाओवादीसँग ८४ जना, विजय गच्छदारको लोकतान्त्रिक फोरमका १४ र राप्रपाका १३ सभासद्लाई लिएर ३०५ जनाको बहुमतीय सरकार निर्माण हुनसक्छ । तर एमाओवादीलेसमेत अहिले सरकारमा नजाने उद्घोष गरिसकेको अवस्थामा एमाओवादीलाई मनाउन कांग्रेस नेतृत्वलाई फलामको चिउरा चपाउनु सरह हुनेछ । मुख्य तीन ठूला दलले पहिलो संविधानसभाले गरेका कतिपय महत्वपूर्ण निर्णयहरूको स्वामित्व ग्रहण गर्ने निर्णय गरेर संविधानसभा/व्यवस्थापिका संसद्लाई फेरि बन्धक बनाउने रणनीति लिएका हुनाले केही साना दलहरूले त्यसको विरोध गर्ने र संसद्मै आपत्ति जनाउने उद्घोष गरिसकेको अवस्थामा सहमतीय सरकार र सर्वसम्मत ढंगले संविधान निर्माण हुनसक्ने अवस्था देखिएन/रहेन ।

संविधानसभा /व्यवस्थापिका संसद् आफैँमा सार्वभौमसत्ता सम्पन्न हो । त्यहाँ प्रत्येक विषयमा सभासद्हरूले छलफल र बहस गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार भए पनि पहिलो संविधानसभाले गरेका निर्णयहरू जस्ताको तस्तै स्वामित्व ग्रहण गरिनु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान र संसद्कोसमेत अपमान हो । संविधानसभा/व्यवस्थापिका संसदलाई सबै समस्याहरूको समाधान गर्ने थलोको रूपमा हेरिनु पर्दछ । लोकतान्त्रिक पद्धतिअनुसार नै विवादित विषयहरूको टुंगो लगाउनु पर्नेमा पहिलो संविधानसभाले गरेका निर्णयहरू स्वीकार गर्न तीन ठूला दलहरूले अन्य दलहरूलाई वाध्य पार्नु तीन दलीय हैकमवाद र तानाशाही प्रवृत्तिबाहेक अन्य केही हुन सक्दैन । नेकपा एमालेले ताजा जनादेशको हवाला दिएर राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्दछ भन्ने अडान लिनु तर त्यही ताजा जनादेशबाट आएका प्रतिनिधिहरूले पहिलो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व ग्रहण गर्नु पर्दछ भन्ने एमालेले दोहोरो चरित्र प्रदर्शन गर्नु बाहेक अन्य केही हुन सक्दैन । पार्टीगत स्वार्थका लागि संविधानको व्याख्या गर्ने हो भने किन पहिलो संविधानसभा नै अहिले जीवित नभन्ने ? पहिलो संविधानसभाको आयु संविधान निर्माण नभएसम्म भनिएको थियो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर संविधानसभाको हत्या गरिदिएका हुन् । त्यसबेला किन नेकपा एमालेले संविधान अनुसार संविधानसभा विघटन हुन सक्दैन भन्ने आवाज उठाउन सकेन ?

नेकपा एमालेको महाधिवेशन नजिकिँदै जाँदा उक्त पार्टीभित्र सत्ता समीकरण मिलाउनका लागि पनि अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल र अर्का नेता केपी ओली मध्येका एकलाई राष्ट्रपति पदमा बहाली गराउने कुटिल रणनीतिअनुसार एमालेले संविधानमै व्याख्या भएको मुद्दालाई उठाएको छ । संविधानअनुसार संविधानसभाले संविधान निर्माण नगरेसम्म राष्ट्रपति पदमा बहाल रहन्छन् भन्ने प्रष्ट व्यवस्था गरेको र सर्वोच्च अदालतले समेत राष्ट्रपति संविधान जारी नभएसम्म पदमा बहाल रहनसक्छन् भन्ने निर्णय गरिसकेको अवस्थामा पार्टीगत स्वार्थले गर्दा नेकपा एमाले कामकुरो एकातिर कुम्लो बोकी शितल निवासतिर दौडिएको हुनाले कांग्रेसलगायत अन्य दलहरूले नेकपा एमालेले राष्ट्रपतिको बारेमा उठाएको विवादलाई कुनै हालतमा पनि स्वीकार गर्नु उचित हुँदैन ।

नेपाली कांग्रेसले सुशील कोइरालाको नेतृत्वमा सहमतीय सरकार निर्माण गर्ने कार्यलाई अघि बढाएको भए पनि उसले अन्य दलहरूलाई स्पष्ट रूपमा प्रस्ताव लैजान सकेको छैन । सरकार निर्माण गर्न ढिलाई भएको खण्डमा आगामी वर्षको बजेट समेत प्रभावित हुने र विकास निर्माणमा समेत सुस्तता आउनसक्ने सम्भावना जीवितै रहेको छ । सरकार निर्माणका लागि पदीय भागवण्डा नै मुख्य बाधक देखिएको छ । कांग्रेसभित्र पनि कोइरालाले सबैलाई सन्तुष्ट पार्नुपर्ने अवस्था देखिएको छ । शेरबहादुर देउवा पक्षीय नेताहरूले राष्ट्रपति डा. रामवरण यादवले संसदीय दलको नेता चुन्न राष्ट्रपतिले कोइरालाको पक्षमा मत हाल्न दबाब दिएको गम्भीर आरोप लगाइसकेका छन् । देउवा पक्षीय नेताहरूका अनुसार राष्ट्रपति यादवले धनुषा, महोत्तरी लगायत तराईका सभासद्हरूलाई शितल निवासमै बोलाएर सभासद्हरूलाई दबाब दिएको भन्दै राष्ट्रपतिले पदीय मर्यादा उल्लंघन गरेको जस्तो गम्भीर आरोप लगाएका हुनाले देउवा पनि राष्ट्रपतिको चुनाव हुन पर्दछ भन्ने अडानमा उभिएको खण्डमा नेपाली कांग्रेसको अडानले कति सार्थकता पाउनसक्छ त्यो भने अबको केही दिनभित्रमै खुलासा हुनेछ । यसरी सुशील कोइरालाको लागि अन्य दलहरूभन्दा आफ्नै दलभित्रको समस्या समाधान गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । अन्य दलहरूलाई मिलाएर अघि बढ्न त उनलाई फलामको चिउरा चपाउनु सरह नै देखिन्छ । कोइराला कसैलाई विश्वास नगर्ने र कोठे राजनीतिमा रमाउने खालका भएका हुनाले उनले आफ्नै दलभित्रको विरोध र नेकपा एमाले अनि एमाओवादी र राप्रपा नेपाललगायत अन्य दलहरूको विरोधको सामना प्रभानमन्त्री भएकै दिनदेखि गर्नुपर्ने छ ।

नेपाली कांग्रेसले नेकपा एमालेलाई साथ लिएर सरकार निर्माण गर्न सबैभन्दा सहज बाटो भए पनि नेकपा एमालेको राष्ट्रपति चुन्नुपर्ने अडानले कांग्रेसलाई संकट परेको छ । कांग्रेस र एमालेको सभासद् संख्या कांग्रेसको १९४ र एमालेको १७३ जोड्दा ३६७ को संख्या पुग्ने र बहुमतीय सरकार निर्माणका लागि सामान्यतया ३०१ भए पुग्ने भएको हुनाले कांग्रेसले आफ्नो अडान छोडेरै भए पनि राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव गराउने प्रस्ताव नेकपा एमालेसामु राख्न सक्ने सम्भावना पनि त्यत्तिकै रहेको छ । नेपालका राजनीतिक दलहरू सत्ताको लागि जस्तासुकै र जोसँग पनि सहमति र सम्झौता गर्न सक्छन् भन्ने त पहिला नै देखाइसकेका छन् । कांग्रेस, एमालेका केही मुद्दाहरू समान रहेपनि पछिल्लो समयमा एमालेले पार्टीभित्रको सत्ता समीकरण मिलाउनकै लागि राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव हुनुपर्ने अडान लिएको हुनाले अब कांग्रेस, एमालेले आ-आफ्ना अडान नत्यागेको खण्डमा सहमतीय होइन बहुमतीय सरकारसम्म निर्माण हुन सक्दैन ।

पहिलो संविधानसभामा पनि सहमतीय सरकार निर्माणको प्रयास नभएको होइन तर तत्कालीन संविधानसभामा ठूलो दल भएको एमाओवादीले सहमतीय सरकार निर्माणका लागि कुनै चासो देखाउन सकेन । १८/१८ पटक चुनाव हुँदासम्म प्रधानमन्त्री छान्न नसकिएको सत्य वास्तविकता हाम्रै अगाडि ताजा रहेको अवस्थामा राष्ट्रपतिले दिएको पहिलो समयसीमाभित्रमा सहमतीय सरकार किमार्थ निर्माण हुन सक्दैन । दलहरूले त्यसबीचमा फेरि समय माग्दै जाने र राष्ट्रपतिले समय दिँदै जाने प्रक्रिया अब दोहोऱ्याउनुको कुनै औचित्य नहुने भएको हुनाले राष्ट्रपतिले आफूले दिएको समयसीमा समाप्त भएपछि संविधानको धारा ३८(२) अनुसार बहुमतीय सरकार निर्माणको आह्वान गर्नु पर्दछ । समय थपिँदै जाने प्रक्रियाले अझ अवरोध र बाध अल्झन ल्याउने हुनाले त्यस्तो प्रक्रिया बन्द गर्नु उचित हुनेछ ।

*devendrachudal@gmail.com*

# सत्ताका सामु संविधान लेखन फेरि छायाँमा



राजन कार्की

संविधानसभा अलमलिनु हुन्न । संविधान व्यक्ति (जन) स्वीकार्य बन्नुपर्छ, पार्टी (बाद) स्वीकार्य बनाउनु हुन्न । किनकि संविधानमा बाद अट्नु हुन्न, देश अट्नुपर्छ । संविधान देशको बन्नुपर्छ, त्यस्तो संविधानमा सम्पूर्ण देशवासी अट्नसक्छन् । संविधानसभाले साझा संविधान कस्तो हुनुपर्छ, कस्तो लेखिनु ठिक हुन्छ भनेर देशव्यापी रूपमा बहस चलाइहाल्नुपर्छ । अन्यथा एकवर्षभित्र संविधान जारी गर्ने राजनीतिक दलहरूको प्रतिवद्धता पूरा हुनसक्दैन ।

राजनीतिक दलहरूभित्र झगडा व्यापक छन् । ती सबै झगडा पद र शक्तिका झगडा हुन् । एक-अर्कोप्रतिको प्रतिषोधको प्रतिस्पर्धा हो त्यो । यतिबेला ठूला दल कांग्रेस, एमाले र एमाओवादीभित्रै पछिल्लो संविधानसभामा भएका सहमतिलाई स्वामित्वमा लिने र नलिने विषयमा अन्तरद्वन्द्व चर्किएको छ । केपी ओलीको स्वरमा स्वर मिलाएर राप्रपा नेपालले नयाँ सिराबाट संविधान लेखनको कार्य सुरू गर्नुपर्छ भन्ने विषय अघि सारेको छ । यता एमालेकै बरिष्ठ नेता माधवकुमार नेपाल हामी राष्ट्रपति चिन्दैनौं, चुनाव हुनुपर्छ भनेर कांग्रेससँग सहमतिको सरकार निर्माणमा मोलतोल गरिरहेका छन् र कांग्रेस भद्र सहमति गर्न बाध्यात्मक स्थितिमा पुगेको छ । एकथरि विश्लेषकहरू भन्छन्- यही राष्ट्रपतिबाट सपथ खाएर झण्डै २ वर्ष प्रधानमन्त्री बनेका माधव नेपालले ४ वर्षसम्म संविधानसभामा समेत बसेर तलवभत्ता बुझे । पैसा चिन्ने, राष्ट्रपति नचिन्ने ? टक चिन्ने टक्सार नचिन्ने ? अर्काथरि विश्लेषकहरूका अनुसार नयाँ निर्वाचन भएपछि राष्ट्रपतिको निर्वाचन हुनैपर्छ, यिनै राष्ट्रपतिलाई संविधान नबन्दासम्म अनुमोदन पनि गर्न सकिन्छ । सत्य के पनि हो भने पुरानो संविधानसभामा ठूला दलले दबाएर साना दललाई सहमति गराएका विषय अहिले कसरी स्वामित्वमा आउन सक्छ र ? हिजो संविधान लेख्न नसक्ने नालायकहरू आज त्यही नालायकीलाई सम्पत्ति हो भनिरहेका छन् । हरेक सवालमा अंशमात्र खोज्ने दलहरू किन जनताको अंशका बारेमा उदासीन छन्, स्पष्ट छैन । यो विवादले कांग्रेसको नेतृत्वको सरकार बनाउनका लागि समेत दुस्प्रभाव पारिरहेको देखिन्छ ।

भन्नुको अर्थ राजनीतिक दलहरूको ध्यान अझै पनि संविधान निर्माणतिर गएको छैन । चुनावमा अगतिलो प्रदर्शन गरेको एमाओवादी सरकारमा जाने, नजाने दोधारमा सम्हालिन खोज्दैछ । राप्रपा नेपालले प्रतिपक्षमा बस्ने तैयारी सुरू गरिसकेको छ । मधेसी दलहरू एकतावद्ध हुने प्रयासका साथ सरकारमा जान खुट्टा उचालिसकेका छन् । एमालेले कांग्रेसलाई सरकार गठन गर्न निम्त्याइसकेको छ । सतहमा सरकार गठनका लागि कुनै समस्या देखिदैन, तर राजनीतिभित्र 'लेनदेन'को ठूलै बबण्डर मच्चाइरहेको छ एमाले । उसले राष्ट्रपति, गृहमन्त्री, अर्थमन्त्रीको च्याँखे थापिरहेको छ । एमाले फेरि पनि 'अवसरवादको मुखण्डो' बाट मुक्त हुनसकेन ।

नेपाली शासन प्रशासनमा ठूलो समस्या भनेको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सभामुख, सचिव भारतले बनाउने हो भन्ने प्रचार कायमै छ । भारतलाई कसरी साखुल्ले बनाउने भनेर भारतवादी भनेर चिनिएकाहरूले प्रभावकारीता देखाउने र कतिपय नेताहरू दिल्ली दौड लगाइरहेबाट पनि त्यो मिथक होइन भन्ने अनुभव सबैले गरेका छन् । बेला यही हो, ताजा जनादेश लिएर आएका राजनीतिक नेताहरूले निर्णायक नेपाली हुन्, जनप्रतिनिधि हामी हौं भनेर नजीर स्थापित गर्ने । थोत्रा घृणित मान्यता मिल्काइदिने । हिजोको कूशासन, हिजोको जनयुद्ध, हिजोका राजनीतिक परिवर्तनसम्म पनि भारतकै साख र संरक्षण जोडिएको थियो । नेपालले हैसियत गुमाउँदै गएपछिको स्थितिमा विदेशी चलखेल बढेको देखेर उत्तर पनि पारदर्शी रूपमा सुरक्षाचासो बोकेर नेपाल पसिसकेको सन्दर्भमा समदूरी, समसम्बन्धको प्रभावकारी कूटनीति र स्वाधीनतायुक्त राजनीतिका माध्यमबाट नेपालले आफ्नो ढाडमा पनि हाड छ भनेर देखाउनै पर्छ । नेपालको यो व्यक्तित्वलाई दुबै छिमेकीले स्वीकार गर्नेछन् किनकि नेपाल कमजोर हुँदा दुबै मुलुकमा कम्पन सुरू हुन्छ भने नेपाल दह्रो हुँदा दुबै मुलुक आश्वस्त हुनसक्छन् । नेपाललाई त्यो समन्वयको तुलोमा बराबर उभ्याउने जिम्मा संविधानसभा, संसदको हो ।

हिजोका असफल पात्रहरू नै आजको संविधानसभामा पनि निर्णायक तहमा छन् । भिन्न यत्ति छ कि राप्रपा नेपाल हिन्दूराज्य र संवैधानिक राजतन्त्र भनेर चौथो शक्तिका रूपमा खडा छ । एमाओवादीको एउटा कप्टेरो नेकपा-माओवादी ३३ साना दलको नेतृत्व गरेर सडकबाट गोलमेच गोलमेच भनेर सुगारटान दिइरहेको छ । चुनौती ठूला छैनन्, ती चुनौतीहरूलाई सम्मानसाथ संविधानसभाका निर्णयहरूमा सहमत गराउन सकिन्छ । किनकि ती सबै लोकतन्त्र मान्छु भन्ने सपथ खाइसकेका शक्ति हुन् । लोकतन्त्र मान्ने शक्तिले बाद, बिबाद र प्रतिबाद गर्छन्, गर्नुपर्छ र सहमतिमा पनि आउँछन् । लोकतन्त्रको सुन्दरता नै बहुलवादको प्रक्रिया हो । यो प्रक्रिया मान्नेले सडक संविधान, जनविद्रोहमा जाने ढोका बन्द भइसकेको बुझेको छ । 'पृथ्वीनारायण शाहपछिको एकताको प्रतीक मै हुँ, हाम्रो सम्बन्ध तमिल बिद्रोही लिट्टेसँग थियो, म मधेसको नेतृत्व गर्छु-अवको राष्ट्रपति मै हुँ- मधेसलाई आत्मनिर्णयको अधिकार दिन्छु, अवको पथ मै हुँ' भन्नेजस्ता अहंकारको ताप सहन नसकेर छुट्टीभिन्दो बसेकाहरूलाई लोकतान्त्रिक तरिकाले सीमाबद्ध पार्ने जिम्मा अव कांग्रेसको काँधमा आउने भएको छ । किनकि राजनीतिक दलहरूले अतिवादको थाङ्नो मिल्काइसकेका छन् । हिङ नभए पनि हिङ बाधेको टालो सुँघ सुँघ भन्ने समय पनि घर्किसकेको छ । जनवाद, जनसंविधान, जनआन्दोलनको जगमा जनविद्रोहजस्ता चर्को, आकर्षक र क्रान्तिकारी भाषणवाजीको अन्त्य र संविधान निर्माणमा नैतिक जिम्मेवारीको निर्वहन प्रष्ट हुनुपर्छ । राजनीतिक व्यक्ति र शक्तिको सर्वस्व लोकतान्त्रिक परिपाटीमै निहित भएको छ । अतिवादको धङधङे सामान्यीकरण, सामाजिकीकरणमा रूपान्तरण हुनैपर्छ । यसको बिकल्प बाँकी छैन । निकास मात्र एकवर्षभित्र संविधान निर्मँणमा अड्किएको छ । एकवर्षभित्र संविधान निर्माणमा राजनीतिक दलहरूले राजनीतिक बैतर्णी पार गर्न सक्नेछन् । यो अवसरको उपयोगिता शिद्ध हुनु देशभक्तिपूर्ण कार्य पनि हो ।

जनताले प्रतिनिधि छानेका छन् । नेता यिनै हुन् । यी जनताका नेताले शिरमा थप श्रीपेचका रूपमा विदेशी धाप थापिरहनु पर्दैन । पृथ्वीनारायण शाह, अमरसिंह, भीमसेन थापा, बलभद्रका देशका नेताहरू वीर बन्नुपर्छ, विदेशी दलाल होइन । नेपाली नेतामा राष्ट्रवादी भावनाको कमीमात्र भएको हो, तिनले स्वाधीनता जगाउन सके भने यिनीहरू पनि वीर बन्न सक्छन् । यिनीहरूभन्दा त जंगवहादुर राष्ट्रवादी भन्ने आक्षेपको अन्त्य हुन जरूरी छ ।

र, यिनले बुझ्नुपर्छ- भारतमा कम्पनी सरकार चलाउन खटिएका भायसरायले बृटेनलाई सुझाव दिएको थिए- नेपालको शक्ति भनेको वीर युवाहरू हुन् जो ज्यान माया मारेर इमान्दारीसाथ लड्छन् । ती युवालाई गोर्खा ब्रिगेड बनाएर लडाउन सके बृटेनलाई लाभ हुनेछ । त्यसै गऱ्यो बृटेनले र २ सय वर्षदेखि आजसम्म पनि नेपाली युवा भर्ति भएर बृटिश सेनामा जान्छ र ज्यान माया मारेर बृटेनका लागि लड्छ । हालै एउटा तथ्याङ्क सार्वजनिक भयो- ६० हजारभन्दा बढी नेपाली बृटिश गोर्खाले ज्यान गुमाइसकेछन् । फकलेण्डको युद्धमा बृटिश नेपालीलाई ढाल बनाएर बृटेनले कति मरायो, मरायो । गोर्खाले समानताको अधिकारका लागि अझै पनि बेलायतको सडकमा अनसन बसिरहेका छन् । यही हालत छ, भारतीय गोर्खा पल्टनमा । कारगिलको युद्धमा भारतले पनि नेपाली गोर्खालाई ढाल बनायो, कति मरायो मरायो । अहँ नेपाल बोलेन । अहिले वैदेशिक रोजगाारमा जाने युवाहरूको लस्कर देखेर विश्व बैंकसमेत आत्तिन पुगेको छ । नेपाल भविष्य नभएको युवाविहीन असफल राष्ट्र बन्दैछ । नेपाली शक्ति विश्वभरि छरपस्ट छरिन पुगेका छन् ।

हो, विदेशी सेनामा जाने वा वैदेशिक रोजगारीमा जानेले आकर्षक तलव पाउँछन् । तिनका परिवारको आर्थिक हैसियत राम्रो होला । त्यहाँ सुख छ, दुःख र पीडा पनि बग्रेल्ती छ । कुनै पनि मुलुक रेमिटान्सले बनेको इतिहास छैन । कुनै पनि मुलुकले स्वाधीनता बचाएको दृष्टान्त पनि छैन । नेपाली युवायुवतीलाई विदेश निकासी गरेर नेपाली बल टुटाइदैछ । नेपाल कमजोर हुँदैछ । क्षयरोगीकोजस्तो नियति भोगिरहेको छ नेपालले ।

यसकारण संविधान साझा बन्नुपर्छ । यसकारण संविधानले नै व्यक्ति स्वतन्त्रता, शान्ति र समावेशी स्वच्छ वातावरण दिनुपर्छ । यसकारण संविधानले बिधिको शासनको प्रत्याभूत गर्नुपर्छ । त्यसपछि सुरूहुने प्रजातान्त्रिक माहोलमा विकास निर्माण सुरू हुनेछ, नेपालीले नेपालमै गरिखान पाउनेछन् । अराजक बिध्वंश, बिनासको अन्त्य हुनेछ र युवायुवतीले नेपालमै भविष्य देख्न थाल्नेछन् । नेपाललाई स्वाधीन बनाउनका लागि नेताहरूले आफूलाई स्वाधीन रूपमा उभ्याउनु पऱ्यो, स्वतन्त्र बनेर संविधान लेख्न थालिहाल्नुपऱ्यो । सम्पूर्ण समस्याको निदान, सम्पूर्ण समस्याको निकास एकवर्षभित्र बन्ने संविधान हो । नेताहरूले सत्ता स्वार्थ त्यागेर बाँकी १० महिना काम गरिदिने हो भने दिनदिनै मरिरहेको नेपाल जिवन्त बन्नसक्नेछ । राष्ट्रका जीवनदायिनी बनेका नेताहरूले यति त्याग पनि नगर्ने ? सत्ताको भागबण्डा, शासकीय स्वरूप र संघीयतामा बिबाद बल्झाएर अझै पनि अल्झिरहने ?



# 5th February : The Kashmir Solidarity Day !

***Muhammad Raza Malik***

The government and people of Pakistan, at home and abroad, observe the Kashmir Solidarity Day on 5th February, every year, to renew the pledge to continue the unflinching support to the Kashmiri people who are carrying on a just struggle to achieve their inalienable right to self-determination. The observance of the day since 1991 is aimed at conveying a loud and clear message to India that the Kashmiris are not alone in their struggle and sooner or later, it will have to give them their right to decide their political future by themselves as guaranteed by the relevant UN resolutions. It is also a reminder to the world community to fulfill its obligations towards resolving the long-pending Kashmir dispute in accordance with the aspirations of the people of Jammu and Kashmir .

Pakistanis on this day hold seminars, conferences and demonstrations to highlight different dimensions of the Kashmir dispute and the gross human rights violations being perpetrated by Indian troops in occupied Kashmir. It is a historical fact that India had forcibly occupied Jammu and Kashmir by landing its troops in Srinagar on 27th October, 1947, against the will of the Kashmiri people and in total disregard to the Partition Plan of the Indian subcontinent. According to the Plan, the Princely States were offered the option to accede to either of the two new independent counties - Pakistan and India . Being a Muslim majority State, Jammu and Kashmir had to become a part of Pakistan, but Indian leaders in connivance with the British rulers and the then despot of the territory, Maharaja Hari Singh laid the foundation of Kashmiris' subjugation to India under the so-called "Instrument of Accession". Many neutral observers including renowned British historian, Alistair Lamb, reject the existence of any such document.

The people of Jammu and Kashmir from the very first day of the Indian invasion have been rendering unparalleled sacrifices to liberate their homeland from Indian bondage. It was India , which approached the United Nations on January 1, 1948, for the resolution of the conflict over Jammu and Kashmir . The UN Security Council passed several resolutions calling for an impartial plebiscite in the territory and the international community including India made pledges with the Kashmiri people that they would be given an opportunity to determine their fate by themselves. However, India reneged on its promises after solidifying its grip on Kashmir by dint of brute force and started describing Jammu and Kashmir as its integral part.

Since 1989, when the people of Kashmir intensified their liberation struggle, the unabated Indian state terrorism has so far resulted in the killing of nearly one hundred thousand innocent Kashmiris and disappearance of thousands in custody. During the mass uprising in Indian occupied Kashmir from 2008 to 2010, millions of people took to the streets in Srinagar and other towns with the demand of their right to self-determination. However, instead of respecting the sentiments of the people, Indian troops and police personnel responded with the use of brute force, killing and maiming thousands of people during the period. In the meantime, many international human rights bodies and the European Parliament expressed concern over the discovery of unidentified mass graves in the territory strongly apprehending that the graves contained the dead bodies of those who were killed in custody and fake encounters by Indian troops.

Conversely, Pakistan has been consistent in giving all out support to the just cause of Kashmiri people and has acted as a strong advocate of the Kashmir cause at the international fora. The Pakistanis have a number of legitimate and genuine reasons to express solidarity with their Kashmiri brethren as both share strong bonds in respect of religion, geography, culture, aspirations and economy. The founder of Pakistan , Quaid-e-Azam Muhammad Ali Jinnah, had termed Kashmir the jugular vein of Pakistan . His commitment to the interests of the Kashmiris had driven him to visit Jammu and Kashmir three times before 1947 (in 1926, 1936 and 1944) during which he held extensive talks with the Kashmiri leadership. Former Prime Minister of Pakistan , Zulfiqar Ali Bhutto, had vowed to wage a thousand-year war for Kashmir . Former President, Asif Ali Zardari, in his address to the UN General Assembly in September 2012 deplored that Kashmir remained a symbol of failures rather than strengths of the UN system while stressing the early settlement of the dispute. The incumbent Prime Minister of Pakistan, Mohammad Nawaz Sharif, right from assuming office in June 2013 has been calling for settling the dispute in accordance with the relevant resolutions of the United Nations Security Council.

At the same time, the attachment of Kashmiri people with Pakistan has also been remarkable. There was an understandable reason when India's first Prime Minister, Jawaharlal Nehru said while responding to a question in 1965 that Kashmiris would vote to join Pakistan and India would lose it, if plebiscite was held in Jammu and Kashmir. Hundreds of thousands of Kashmiris have migrated to Pakistan and the main reason behind their migration has been their strong emotional attachment to the country in addition to rescuing themselves from the brutality of Indian occupation forces. It was the ideological commonality that had prompted the representative party of Kashmiri people, the Muslim Conference, to pass a resolution in its meeting in Srinagar in 1947, whereby it was declared that Jammu and Kashmir should become a part of Pakistan . This historic resolution was adopted on 19th July just about a month before the creation of Pakistan . The attachment of the people of Kashmir with Pakistan can also be gauged well from the fact that the occupied Valley has been reverberating, from time to time, with pro-Pakistan slogans. Pakistani flags are hoisted in Indian occupied Kashmir on the national days of the country, whereas such days of India are observed as black days.

The people of Pakistan and Jammu and Kashmir are unanimous in deploring the fact that the response of international community to the just struggle of the Kashmiri people has been disappointing. It has failed to hold New Delhi accountable for the genocide of Kashmiris and impress upon India to provide the people of Jammu and Kashmir their inalienable right to self determination. The world needs to take cognizance of the fact that Kashmir has become a nuclear flashpoint as it involves two nuclear-armed neighbours - Pakistan and India . The fact is that due to India 's unrealistic and intransigent attitude, the peace of the entire South Asia is at stake.

The observance of Kashmir solidarity Day on 5th February becomes significant in view of the above hard realities of history. Let all the peace and justice loving nations of the world come together in expressing practical solidarity with the oppressed people of Indian occupied Kashmir .



# बहसमा सहभागितामूलक लोकतन्त्र

**नारायणप्रसाद पौडेल**

'बुर्जुवा लोकतन्त्रमा औपचारिक स्वतन्त्रता र समानता मात्र हुने तर राज्य सञ्चालनमा जनताको प्रत्यक्ष सहभागिता नहुने पद्धतिलाई बदलेर सहभागितामूलक लोकतन्त्रका थप गुणहरु समाविष्ट गर्न ध्यान दिनुपर्छ' भन्दै एमाओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई सार्वजनिक बहसमा सरिक भएका छन् । २५ पुस ०७० बिहीबारको कान्तिपुर दैनिकमा 'एक्काइसौं शताब्दीले खोजेको लोकतन्त्र' शीर्षकमा प्रकाशित लेखमा विद्वान वामपन्थी नेता भट्टराईले 'बुर्जुवा लोकतन्त्रभन्दा उन्नत लोकतन्त्रको मोडल प्रस्तुत गर्न नसके कम्युनिस्टहरुको कल्याण कसैले गर्न सक्ने छैन' भन्ने ठोकुवा पनि गरेका छन् । डा. भट्टराईले आफू कम्युनिस्ट भएकाले परिवर्तन हुन नसक्ने कम्युनिस्टको कल्याण नहुने देखेझैँ पुँजीवादीले पनि अब 'सहभागितामूलक लोकतन्त्र'का गुणहरु नअपनाए पुँजीवादको कल्याण नहुने देखेरै यो बहसलाई अगाडि बढाएका हुन् ।

सोही दिनको नागरिक दैनिकमा 'लोकतन्त्रमा अर्धसत्य' शीर्षकको लेखमार्फत अभय श्रेष्ठले 'लोकतन्त्र मुनाफावादको अधीनमा पर्दै छ । पैसा छ, स्वर्गीय सुखभोग यहीं छ । पैसा छैन, बाँच्ने अधिकार पनि छैन ।' भन्दै वर्तमान लोकतान्त्रिक अभ्यासबारे आफ्नो विश्लेषण पस्केका छन् । श्रेष्ठको भनाइमा यो पंक्तिकार पूरै सहमत हुँदै नेपालको लोकतन्त्र मुनाफावादको अधीनमा परिसकेको अनुभूति गरिसकेको विचार अघि सार्न चाहन्छ । संविधानसभाको दोस्रो निर्वाचनमा भएको आर्थिक चलखेल, टिकट वितरण, उम्मेदवारको निर्वाचन खर्च, समानुपातिक सभासद्को खरिद-बिक्रीलाई प्रमाणका रुपमा लिन सकिने कुरालाई स्मरण गराउन चाहन्छ । यस्तै, अवस्था विद्यमान रहने हो भने आगामी संसदीय, महानगर एवं उपमहानगर पालिकाका प्रमुख र जिविस सभापतिका उम्मेदवारले कम्तीमा पनि एक करोड, नगरपालिका प्रमुखको उम्मेदवारले ५० लाख र गाविस अध्यक्षको उम्मेदवारले २५ लाख रकमको जोहो नगरीकन चुनावमा जाने आँट र जित्ने आश नगरे पनि हुन्छ । त्यो पनि आगामी पहिलो निर्वाचनका लागि मात्र हो । दोस्रो, तेस्रो, चौथो आदि निर्वाचनमा त्यत्ति रकमले पुग्ला भन्न सकिन्न । हरेक निर्वाचनमा दोब्बर रकमको जोहो गर्नुपर्ने अवस्था आउन सक्छ । त्यस्तो निर्वाचनमार्फत परिचालित हुने लोकतन्त्रमा सीमान्तकृत जनसमुदाय र सर्वसाधारण जनताको पहुँच हुनै सक्दैन । त्यस्तो अवस्थामा देशमा शान्ति र उन्नतिका कुरा त झन् धेरै टाढाका विषय हुने नै भए ।

त्यसैले 'सहभागितामूलक लोकतन्त्र' सबैको चर्चाको विषय भएको छ अहिले । एक्सन एड नेपाल र आजिडी नामक संस्थाले यसलाई नेपालका गाउँगाउँमा पुऱ्याउँदै अन्तर्राष्ट्रिय सम्मेलन गरी अनुभवको आदान-प्रदान गर्ने काममा सघाएका पनि छन् । नेपालमै गरिएका त्यस्ता केही कार्यक्रममा सहभागी हुने र दक्षिण अफ्रिका, ल्याटिन अमेरिका, युरोप, दक्षिण एसिया र आसियान मुलुकमा भैरहेका अभ्यासबारे केही जानकारी बटुल्ने मौका मिल्यो, यस पंक्तिकारलाई पनि । जहाँजहाँ सहभागितामूलक लोकतन्त्रको अभ्यास भएको रहेछ, त्यहाँत्यहाँ सम्पन्नता, समानता र शान्ति रहेको देखियो । अनि जहाँ जहाँ निर्देशित, विभेदयुक्त, केन्द्रीकृत र असहभागितामूलक कथित लोकतन्त्रको निरन्तरता छ, त्यहाँत्यहाँ अशान्ति, संघर्ष, द्वन्द्व र युद्ध जारी रहेको देखियो । वर्तमान विश्वमा चलेका हरेक द्वन्द्व र युद्धको अन्त्य एवं समाधानका लागि 'सहभागितामूलक लोकतन्त्र'लाई अघि सारिएको थियो । गत मंसिरको २७ र २८ गतेका दिन काठमाडौंमा आयोजित 'सहमागितामूलक लोकतन्त्र' विषयक दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न देशका तर्फबाट प्रस्तुत विचारको निष्कर्षसँग र डा. बाबुराम भट्टराईको विचार मिल्नुलाई संयोग मात्र मान्न सकिन्न । यसलाई समयको सही मूल्यांकनसमेत भन्न सकिन्छ । तर, यत्ति नै अन्तिम सत्य भने अवश्य पनि होइन ।

संविधानसभाको दोस्रो निर्वाचनपछि नेपालले कस्तो शासन व्यवस्था अवलम्बन गर्ने भन्ने विषयले 'सहभागितामूलक लोकतन्त्र'लाई सतहमा ल्याउन सघाउ पुऱ्याएको छ । नेपालका सञ्चारमाध्यममार्फत सार्वजनिक बहसको विषय बनेको 'सहभागितामूलक लोकतन्त्र' समाजवाद ( साम्यवाद) र पुँजीवादको अस्ताउँदो अवस्थाको परिचायक तथा द्वन्द्व न्यूनीकरण एवं समन्वयको अल्पकालीन सञ्जीवनी बुटी पनि हुन सक्छ । भारतमा आम आदमी पार्टीको प्रादुर्भाव र दिल्लीमा अरबिन्द केजरीवालको सरकार गठन हुनुलाई मात्रै यसको आधार मान्न मिल्दैन । त्यसको मूल्यांकन गर्ने वेला अझै भइसकेको छैन ।

'सहभागितामूलक लोकतन्त्र' निरन्तर चलिरहने प्रक्रिया हो । जो-कोही पनि सरकारमा पुग्दैमा अब भयो, पुग्यो, यत्ति हो र त्यत्ति हो भन्न सकिने अवस्था आउँदैन । यसको मापन गर्ने विधि पनि निरन्तर थपिँदै जान्छन् । हिजोकोले आज र आजको परिभाषाले भोलि पुग्दैन । मान्छेका चाहना र आवश्यकता जति बढ्दै जान्छन्, त्यसको परिपूर्तिका लागि गरिने संघर्ष र प्राप्त उपलब्धिले लोकतन्त्रलाई उति परिष्कृत र परिमार्जित गर्दै जान्छ । अब्राहम लिंकनको परिभाषा अब पुरानो भयो । 'रामराज्य' र 'स्वराज' को परीक्षण हुनै पाएको छैन । कम्युनिस्टको समाजवाद र साम्यवाद पनि पुराणमा सीमित गराउने काम स्वयं कम्युनिस्ट पार्टी र त्यसका नेताबाटै भएको छ, हुँदै छ । आधुनिक पुँजीवादले सबैलाई खायो । धनले बिगारेको मनले लोकतन्त्रलाई पनि सखाप पाऱ्यो । 'विनाधन केही नभन' को जमाना आयो । यसले पुँजीवाद र समाजवाद ( साम्यवाद)को आयु छोट्यायो । 'सहभागितामूलक लोकतन्त्र'लाई बहसमा ल्यायो ।

नेपालको पहिलो संविधानसभाले कस्तो किसिमको शासन व्यवस्था अपनाउने भन्ने टुंगो नलगाईकन मृत्युवरण गऱ्यो, गराइयो । दोस्रो संविधानसभाको सुरुमै बौद्धिक र व्यवस्थापकीय बहसमा जानुभन्दा पनि प्रक्रियामै अल्झेका छन् दलहरु । नेपालका राजनीतिक दल र नेताहरु अझै लोकतन्त्रका लागि परिपक्व नभइसकेको प्रमाण हो यो । चिची-पापाका लागि झगडा गर्ने बालरोगबाट मुक्त नभएको दृष्टान्त पनि हो । मुसा र सांलाका रिसले घर पोल्न पछि पर्दैनन् । घर पोलेर खरानीको व्यापार गर्न पनि पछि पर्दैनन् । यस्तै वेला पनि केही विद्वान 'सहभागितामूलक लोकतन्त्र'को बहसमा सामेल भएको र आगामी बाटोबारे छलफलमा भाग लिन थालेको देखिँदै छ । यसलाई सकारात्मक रुपमा लिनैपर्छ ।

नेपालका कम्युनिस्टहरुले जनवाद, समाजवाद र साम्यवादको वकालत गर्दैमा ६४ वर्ष बिताए । मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओका भनाइ उद्धृत गर्दैमा तिनका समय बिते । अनि संसदीय व्यवस्थाका हिमायतीले चाहिं कम्युनिस्टको विरोध गर्दैमा आफ्नो ऊर्जा र समय खेर फाले । न यहाँका कम्युनिस्ट सफल भए न संसदवादीहरु नै । दुवैले आफ्नो असफलता स्विकार्न तयार नहुँदा र नयाँ प्रणालीको खोजीतिर नलाग्दा पनि नेपालमा राजनीतिक गतिरोधको अन्त्य नभएको हो । आफू सफल हुनभन्दा अर्काको असफलतालाई नै आफ्नो सफलता ठान्नुलाई कसैले राम्रो भन्दैन । अबको बहस साम्यवाद र पुँजीवादमा मात्रै केन्द्रित हुनुपर्छ भन्ने केही छैन । विकल्प अनेक निस्कन सक्छन् । अरु नै प्रणालीको अभ्यास गर्न पनि सकिन्छ । यहाँका संसद्वादीले महात्मा गान्धीलाई अघि सारेर आफूलाई बढी अहिंसात्मक लोकतन्त्रवादी भएको देखाउन पछि पर्दैनन् । तिनै महात्मा गान्धी संसदीय व्यवस्थाप्रति कति आक्रामक रहेछन् भन्ने कुरा स्मरणीय छ । विश्लेषक शंकर तिवारी साप्ताहिक खबर पत्रिका हिमाल २८ पुस ०७०, पेज २७ मा लेख्छन्, 'संसदप्रति गान्धीको कहिल्यै सकारात्मक सोच रहेन । उनले हिन्द स्वराज पुस्तकमा संसद्बारे लेखेका छन्- संसदको जननी भनिएको बेलायतको संसद् बाँझी आइमाई र वेश्याजस्तो छ । संसद्ले एक्लै केही पनि गर्न नसक्ने भएकाले मैले यसलाई बाँझी आइमाईसँग तुलना गरेको हुँ । संसद्को प्राकृतिक अवस्था यस्तो छ कि, बाहिरी दबाबविना यसले केही गर्न सक्दैन । यो वेश्याजस्तै किन छ भने यो बारम्बार फेरिरहने मन्त्री र सदस्यहरुको कब्जामा हुन्छ । गान्धीले संसद्लाई आइमाईको उपमा दिनु परेकोमा माफी चाहेका थिए ।' नेपालमा भइरहेको संसदीय व्यवस्था (लोकतन्त्र) को अभ्यास महात्मा गान्धीले भनेभन्दा कत्ति फरक छैन । अब पनि त्यसैलाई लतारेर हिंडेर काम लाग्दैन, कसैको भलो हुँदैन । कम्युनिस्टहरुले त उहिल्यैदेखि 'सदनलाई 'एलिट'हरुको गफ गर्ने थलो र खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने पसल' भनेकै हुन् । नेपालका तथाकथित कतिपय कम्युनिस्टहरुले आफूलाई अब्बल दर्जाको पसले (व्यापारी) साबित गर्ने प्रतिस्पर्धामा लागे पनि अब त्यसले गुजारा चल्ने सम्भावना देखिँदैन । तत्कालको विकल्प भनेकै 'सहभागितामूलक लोकतन्त्र' हुन सक्छ ।

**नेपालका कम्युनिस्टहरूले जनवाद, समाजवाद र साम्यवादको वकालत गर्दैमा ६४ वर्ष बिताए । मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओका भनाइ उद्धृत गर्दैमा तिनका समय बिते । अनि संसदीय व्यवस्थाका हिमायतीले चाहिं कम्युनिस्टको विरोध गर्दैमा आफ्नो ऊर्जा र समय खेर फाले । न यहाँका कम्युनिस्ट सफल भए न संसदवादीहरू नै । दुवैले आफ्नो असफलता स्विकार्न तयार नहुँदा र नयाँ प्रणालीको खोजीतिर नलाग्दा पनि नेपालमा राजनीतिक गतिरोधको अन्त्य नभएको हो । आफू सफल हुनभन्दा अर्काको असफलतालाई नै आफ्नो सफलता ठान्नुलाई कसैले राम्रो भन्दैन ।**

# भुटानी शरणार्थीमा सम्बन्ध विच्छेद बढ्दो

**चेतन अधिकारी**

श्रीमान्ले जहिलेपनि हेलाहोचो गरिरहेपछि झापा, बेलडांगी १ स्थित भुटानी सरणार्थी शिबिरकी आइतीमाया गुरूङ्गले शिबिरमा रहेको कानुनी साहायता केन्द्रमा श्रीमानसंग सम्बन्ध बिच्छेद माग गर्दै उजुरी हालेकी छिन् । अहिले उनी जस्तै १० जना महिलाहरूको उजुरी केन्द्रमा दर्ता भएको छ । बेलडांगी १ की जेण्डर फोकल पोइन्ट नरमाया गुरूङ्ग भन्छिन् 'हप्ताभरी आएकालाई एकै दिन अदालतमा पेस गर्छौं'

बेलडांगी १ सेक्टर एक छाप्रो नम्बर ५८ की कामीनी सुब्बा पनि सम्बन्ध बिच्छेदको चक्करमा छिन् । 'कुटपिट, हेलाहोचो र दाइजो मागेर हैरान बनाए' सुब्बाले भनिन् 'घरेलु हिंसामा मुद्धा हालेर अल्झिनु भन्दा सम्बन्ध बिच्छेद गर्नु नै जाती लाग्यो ।' उनका श्रीमान्ले सुब्बालाई खान नदिने, कुटपिट गर्ने, अर्कासंग सल्किएको भनेर शंका गर्ने गर्न थालेको बर्षौं भयो । तरपनि शरणार्थी जीन्दगीमा किन बाझोजुझो गर्ने भनेर उनले सहेरै बसिन् । 'शरणार्थी जीन्दगी छ । त्यस माथी घरझगडा भएपछि छिमेकीले थुक्लान् भन्ने लागेर तीनबर्षसम्म सहेँ' कामिनीले भनिन् 'शिविर व्यवस्थापन समितीमा उजुरी गरेको भएपनि केहीदिनलाई न्याय पाउथें तर मेरो समस्या सधैलाई समाधान हुने थिएन । त्यसकारण ऊ बाट मुक्ति पाउने उपाय नै रोजेकी हुँ ।'

घटनाको विवरण बुझेर अधिकांसलाई घरेलु हिंसा ऐन अन्तरगत उजुरी दर्ता गराउन सम्झाए पनि कमैले मात्र टेर्ने गरेको सामुदायिक मेलमिलाप केन्द्र बेलडाँगीका सदस्य हर्कसिंह गुरूङ्ग बताउँछन् । घरेलुहिंसा अन्तरगत उजुरी गर्दा सार्बजनिक स्थलमा वादविवाद हुने,कारबाहीका रूपमा श्रीमान् केही समय थुनिने तर निस्किएपछि आफू झन् असुरक्षित हुने भएपछि सिधै सम्बन्ध बिच्छेदकै निर्णयमा शरणार्थी महिला पुग्ने गरेका छन् । 'बिगतमा हामीले यस्ता अभ्यास पनि धेरै गऱ्यौं' गुरूङ भन्छन् 'लाजगालले समाजका अगाडी मिल्ने तर घर पुगेपछि त्यो भुसको आगो भएर सल्किँदो रहेछ यसबाट कयौं महिलाको ज्यानै असुरक्षित देखेर अहिले चाँही महिलाले जे भन्छन् त्यसै अनुसारको थप सल्लाह दिन्छौं ।'

श्रीमान्ले बहुबिवाह गरेका कारण सम्बन्ध बिच्छेदको उजुरी दिन बेलडाँगी २ को कानुनी सहायता केन्द्रमा आएकी मेनुका पौडेल पनि घरेलु हिंसाको उजुरी लिएर दौडनु भन्दा सम्बन्ध टुटाउनु नै उपयूक्त ठान्छिन् । 'एकपटक मनमुटाव भएपछि फेरी जोडिन, सम्बन्ध सुमधुर हुन मुस्किल हुन्छ' श्रीमान्संगै आएकी मेनुकाले भनिन् 'म सौतासंग मिलेर बस्न नसक्ने भएर सहज ढंगले सम्बन्ध बिच्छेद मागेकी हुँ ।' कान्छी भित्र्याएका श्रीमान्ले चाँही दुईवटै श्रीमतीलाई मिलाए राख्ने आस्वासन दिइरहेका छन् । 'तेस्रो देश पुनरवासमा जानका लागी कान्छीसँगको नयाँ बिहे दर्ताले पनि समस्या हुन्छ । जेठीसँग सम्बन्ध बिच्छेद गर्दापनि समस्या हुन्छ' बेलडाँगी शिविरका सचिव सञ्चहाङ सुब्बा भन्छन् 'तेस्रो देश पुनरवासको लफडालेपनि यहाँ महिला हिंसाका मुद्धा धेरै बढेका छन् ।'

शरणार्थी महिलाहरूले एकैचोटी सम्बन्ध बिच्छेद रोज्ने अर्को कारण तेस्रो देश पुनरवास प्रक्रिया पनि हो भन्छन् शिबिरका जानकारहरू । उनीहरूका अनुसार घरेलु हिंसाको मुद्धामा श्रीमान्लाई कारबाही गराएमा भविष्यमा पुनरवास प्रक्रियामा उनले सहयोग गर्ने सम्भावना न्यून रहन्छ । 'अहिले चिढाउँदा पछि डिर्भोस पनि दिँदैनन् बच्चा म सँग राख्ने अनुमती पत्रमा पनि हस्ताक्षर गर्दैनन्' एक महिला भन्छिन् 'पछि जोखिम मोल्नु भन्दा अहिले नै मुक्त हुनु राम्रो ठानेर सम्बन्ध बिच्छेदमा मुद्धा चलाएको हो ।'

भूटानी शरणार्थी शिबिर शनिश्चरेकी उपसचिव साबित्रा वाग्ले आफैं पिडित छिन् । सम्बन्ध बिच्छेद भइसकेका श्रीमान्ले छोराछोरी वाग्लेसँगै राख्ने कागजमा शरणार्थी सम्बन्धि राष्ट्र संघिय उच्च आयोगमा आएर हस्ताक्षर गरिदिएनन् । कयौं अनुरोध गर्दापनि दोलखा घर भएका उनले टेरेनन् । यो कुरालाई उनले पूर्व श्रीमतीलाई धम्क्याउने माध्यम मात्र बनाइरहे । गतबर्ष उनको निधन भयो । 'उसकै कारण परिवारका सदस्यसँग मैले पुनरवासमा जान पनि पाइन' वाग्ले भन्छिन् 'अहिले मृत्यू दर्ता ल्याएर बुझाउँदा पनि यूएनले मेरो प्रक्रिया अगाडी बढाउन मान्दैन । म अहिले सबैतिरबाट पिडित नै छु ।'

मनमुटाव भएपछि शिविर व्यवस्थापन समिती, भूटानी शरणार्थी महिला मञ्च, प्रहरी लगायतका निकायले मुद्धा थामथुम पारेपनि त्यो भन्दा बिकराल रूपमा प्रकट हुने गरेका दृष्टान्त शिविरभरी छन् । त्यसकारणले पनि घरेलु हिंसाका मुद्धाको झन्झट ब्योहोर्नु भन्दा भूटानी शरणार्थी महिलाले सम्बन्ध बिच्छेदलाई नै रोज्ने गरेका छन् । पछिल्लो समयमा यो क्रम अझ बढेको सरोकारवालाहरूले बताएका छन् । श्रीमान्ले कुटपिट गर्ने, खान नदिने, यौन हिंसा गर्ने, बहुबिबाह गर्ने जस्ता घरेलु हिंसा गरेमा महिलाहरू सम्बन्धित बिषयको उजुरी लिएर आउने भन्दा पनि एकैचोटी सम्बन्ध बिच्छेदको उजुरी लिएर आउने गरेको शिबिरमा रहेका जेण्डर फोकल पोइन्टहरूले जनाएका छन् ।

यसरी सम्बन्ध बिच्छेद गर्नेहरू १८ बर्ष देखि ५५ बर्षसम्मका छन् । बेलडांगी१ की ५५ बर्षकी रेकीमाया शिवा पनि सम्बन्ध बिच्छेदको मुद्धा धाइरहेकी छिन् । 'जाँड रक्सी खाने, कुटपिट गर्ने गरेपछि सहेर बस्न सकिन' शिवा भन्छिन् 'घरेलु हिंसामा उजुरी गर्दा पछि पुनरवासमा जाने बेलामा अल्झाउँछन् भनेर उनलाई छोड्ने नै निधो गरें ।'

शरणार्थीका मुद्धा हेरीरहेका अधिबक्ता बेनु सिटौलाका अनुसार अधिकांस घरेलु हिंसाकै कारण शरणार्थी महिलाहरू सम्बन्ध बिच्छेदमा अग्रसर भएको देखिन्छ । घट्दो जनसंख्याका बीच बढ्दो सम्बन्ध बिच्छेदका घटनालाई केलाउँदा पुनरवासको सहजता असहजता पनि महत्वपूर्ण कारण देखिने सिटौला बताउँछन् । बार एसोसिएसन झापाका अनुसार पछिल्लो ८ महिनामा शरणार्थीका १ सय ४२ वटा सम्बन्ध बिच्छेदका मुद्धा चलेका छन् । ति मध्ये केही फैसला भइसकेका र केही हुने क्रममा रहेको बारले जनाएको छ ।

# नेतृत्व हस्तान्तरण कि रूपान्तरण ?

*चारु गजुरेल*

एमाओवादी बैठकमा नेतृत्व हस्तान्तरण वा पुस्तान्तरण कि रूपान्तरण भन्ने बहस चलिरहेको छ । निर्वाचनमा पराजयको नैतिक जिम्मेवारी मुख्य नेतृत्वले लिँदै, नेतृत्व हस्तान्तरण वा पुस्तान्तरण गरी लोकतान्त्रिक विधिको विकासद्वारा मात्र माओवादी आन्दोलनले निकास पाउने डा. बाबुराम भट्टराईको भनाइ र गराइप्रति गहिरो असहमति राख्दै खरो विश्लेषकको रूपमा ख्याति कमाएका वामसाहित्यकार खगेन्द्र संग्रौलाको तिखो व्यंग्यरस भरिएको कटाक्षसहितको लेख यसै पत्रिकामा छापिँदा स्वयं भट्टराई चकित भए । तर, डा. भट्टराईले यसमा अन्यथा मान्न जरूरी छैन, किनभने आज नेपालको आमपरिवर्तनकामी र प्रगतिशील जनमतलाई एमाओवादी वर्गपक्षधरतामा चुकेको हुनाले पराजित भएको हो भन्ने दह्रोसँग लागिरहेको छ । त्यसैले होला एमाओवादीको निम्ति सवाल मुख्यतः रूपान्तरणको हो भन्ने आसयका साथ दिनहुँ विभिन्न पत्रपत्रिकामा स्तम्भहरु निरन्तर प्रकाशित भइरहेका छन् । खगेन्द्र संग्रौला त केवल बढी चर्चित प्रतिनिधि पात्र मात्र हुन् । यदि डा. भट्टराई लोकतान्त्रिक अभ्यासका प्रतिबद्ध अभियन्ता हुन् भने उनले निरन्तर मुखरित भइरहेको यो जनभावनाको अनादर र उपेक्षा गर्न मिल्दैन ।

माओवादी आन्दोलनप्रति झुकाव हुनेहरु किन नेतृत्व परिवर्तनको प्रश्नमा रूचि लिइरहेका छैनन् र किन रूपान्तरणमा एकोहोरो जोड गरिरहेका छन् ? डा. भट्टराईले नेतृत्व हस्तान्तरण वा पुस्तान्तरणको मुद्दा यति जोडबलले उठाउँदा पनि किन जनदबाब सृष्टि भइरहेको छैन ? प्रश्न यहाँ छ । पहिलो संविधानसभामा एमाले पराजित भएको एक साता नबित्दै माधवकुमार नेपालले महासचिवबाट राजीनामा दिन बाध्य हुनुपरेको थियो । यसपटक भने एक महिनै बितिसक्यो, तर माओवादी आन्दोलनका विरोधी र आलोचकबाहेक कोही प्रचण्डको राजीनामामा समाधान खोज्न तयार देखिँदैन । प्रचण्ड अन्यन्त लोकप्रिय भएर हो त ? त्यसो पनि नहुनुपर्ने, किनभने सबैभन्दा बढी आलोचना पनि उनैको भइरहेको छ । वा, प्रचण्डको विकल्प नदेखेर हो ? के डा. भट्टराई प्रचण्डको विकल्प हुन सक्दैनन् ? अनि एमाओवादीका युवा नेता विकल्पको रूपमा अगाडि आउन सक्दैनन् ? यस प्रश्नमा केही चर्चा आवश्यक छ ।

यस प्रसंगमा केही समयअघि प्रकाशित हरि रोकाको लेख स्मरणयोग्य छ । उक्त लेखमा नेपालका राजनीतिक दलहरूमा युवा नेताहरूको स्थितिको विश्लेषण गर्दै बाह्य ओपिनियन मेकरहरूले उचालिदिएको भरमा केही युवा नेता अलि बढी चर्चामा आए पनि समग्रमा विचार र राजनीति, सिद्धान्त र व्यवहारमा नै विकल्पको रूपमा कोही अगाडि नआएकाले कुनै पार्टीमा पनि निकट भविष्यमै युवा नेतालाई नेतृत्व हस्तान्तरणको सम्भावना नरहेको निष्कर्ष उनले निकालेका थिए । एमाओवादीमा अहिले हस्तान्तरण वा पुस्तान्तरणको निम्ति माहोल खडा नुहनुको पछाडि विकल्पहीनताको यही स्थितिले काम गरिरहेको बुझ्न कठिन छैन ।

सामान्य अवस्थामा नेतृत्व हस्तान्तरण वा पुस्तान्तरणको सवालमा बहालवाला नेतृत्वको अक्षमता (अस्वस्थता वा असमर्थता)का कारण उक्त नेतृत्वले स्वेच्छाले पार्टीभित्र आमसहमति कायम गराएर आफूले योग्य ठानेको उत्तराधिकारीलाई नेतृत्व सुम्पेका दृष्टान्त हामी पाउँछौं । क. किरणले प्रचण्डलाई महामन्त्री प्रस्ताव गर्दा होस् वा गिरिजाप्रसाद कोइरालाले अस्वस्थताका कारण सुशील कोइरालालाई कार्यवाहक सभापति बनाउँदा होस्, यही प्रक्रियाको पालना भएको देखिन्छ । असामान्य अवस्थामा भने नेतृत्व परिवर्तन संघर्षको बलमा मात्र सम्भव छ र उक्त संघर्षको नेतृत्व वैकल्पिक धारले गर्नुपर्छ । यसखाले संघर्षले अक्सर राजनीतिक पार्टीको जीवनमा कार्यदिशा नै परिवर्तन गर्ने हदसम्मको क्रमभंग निम्त्याउन सक्छ र वैकल्पिक नयाँ नेतृत्वले पुरानोलाई विस्थापित गरिदिन्छ । यस्तो प्रक्रिया लामो, पेचिलो र तिखो हुने गर्छ । स्वयं एमाओवादी धारको विकास पनि यस्तै जटिल प्रक्रियाको बीचबाट भएको हो ।

एउटा हारकै कारण मैदान छाडेर नभाग्ने बरू शिक्षा लिंदै क्रान्तिको डुंगालाई पार लगाएरै छाड्ने अठोट अध्यक्ष प्रचण्डले गरेकाले नयाँ उत्तराधिकारीलाई स्वाभाविक रूपमा नेतृत्व हस्तान्तरणको तत्काल कुनै गुन्जायस छैन । जहाँसम्म वैकल्पिक धारले संघर्षको माध्यमबाट पार्टी नेतृत्व हत्याउने प्रश्न छ, त्यस्तो धार हाल एमाओवादीमा अस्तित्ववान् छैन । क्रान्तिको शान्तिपूर्ण संक्रमणको पार्टी नीतिविरूद्धमा मोहन वैद्यको नेतृत्वमा बादल, विप्लवलगायत नेताले एमाओवादीमा वैकल्पिक धारको विकास गर्ने प्रयास नगरेका होइनन् । तर, निम्नपुँजीवादी अधैर्यतावश पार्टी फुटाउने र दोस्रो संविधानसभामा घोषित बहिष्कारका बाबजुद पनि माउ पार्टी एमाओवादीका विरूद्ध परिवर्तन र क्रान्तिविरोधी कांग्रेस-एमाले-राप्रपा गठबन्धनलाई अघोषित रूपमा सघाउने सिद्धान्तहीन प्रतिशोधात्मक कार्यले वैद्य नेतृत्वको यो धार क्रान्तिकारी विकल्प बन्न नसक्ने प्रस्ट भइसक्यो । यता चुनवाङ बैठकदेखि शान्तिप्रक्रिया हुँदै दोस्रो संविधानसभाको निर्वाचनको अवधिसम्म अध्यक्ष प्रचण्ड र डा. भट्टराई (क.किरणसँग कसरी संघर्ष गर्ने भन्ने प्रश्नमा बाहेक) निरन्तर साझा सहमतिकै आधारमा अघि बढिरहेकाले हालका लागि डा. भट्टराई कुनै वैकल्पिक धारका नेता होइनन् । अध्यक्ष प्रचण्डभन्दा कुशल नेता हुन् कि भन्ने सवालमा पनि आफू प्रधानमन्त्री हुँदासम्म पनि खासै नौलोपन उनले देखाउन सकेनन् ।

जहाँसम्म पुस्तान्तरणको कुरा छ, तत्काले त्यस्तो विकल्प नदेखिए पनि सर्वमान्य विधि र प्रक्रिया पार गर्दै सर्वस्वीकार्यता आर्जन गरेर आन्दोलनको बीचबाटै एउटा युवा नेताको टिम ढिलो-चाँडो अवश्य तयार हुनेछ । तर, सो टिम आधारभूत रूपमा क्रान्तिकारी होस् र अन्तिमसम्मै क्रान्तिकारी रहिरहोस् भन्ने सुनिश्चित गर्न आवश्यक गृहकार्य, नीति र विधिको विकास गर्नु एमाओवादीको आजको एउटा प्रमुख कार्यभार हो । फरक धारको प्रतिनिधित्व गर्दै वैकल्पिक नेतृत्वको विकास पनि एमाओवादीमा हुनसक्छ । वर्तमान नेतृत्वले क्रान्ति सम्पन्न गर्न केकस्ता कार्यक्रम तयार पार्छ वा पार्दैन भन्ने विषयमा नै यस्तो वैकल्पिक धारको उदय निश्रित हुनेछ ।

समाजमा रहेका विभिन्न प्रवृत्तिको केन्द्रीकरण, अन्तर्घुलन, संघर्ष र सहकार्यको माध्यम पार्टी हुने भएकाले पार्टीमा सधैं क्रान्तिकारी प्रवृत्ति हावी भइरहोस् भन्नका लागि स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्न, अन्तर्संघर्षमा सत्ताको प्रयोग गर्ने नोकरशाही प्रवृत्तिको रोकथाम गर्न र अन्तर्संघर्षको नाममा विनाएजेन्डा अराजकता सृष्टि गरेर आन्दोलनलाई विशृंखलित पार्न खोज्ने अराजकतावादी प्रवृत्तिलाई निरूत्साहित पार्न पार्टीपंक्तिमा प्रभावकारी कमिटी प्रणाली एवं स्वअनुशासनसहितको व्यापक जनवाद भने आवश्यक छ । जनवाद मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनको इतिहासको समग्र शिक्षाले सिंगो पार्टीपंक्तिलाई प्रशिक्षित पार्न व्यापक र व्यवस्थित अध्ययन, बहस, छलफल एवं प्रकाशन र प्रसारणको पनि उति नै आवश्यकता छ । वास्तवमा ज्ञान आर्जन र विचार निर्माणको प्रश्नलाई क्रान्तिकारीहरूको नेतृत्वको पनि 'एलिट' समूहमा मात्र सीमित गर्नाले पनि माओवादी आन्दोलनमा वैचारिक र सांस्कृतिक स्खलन तीव्र भएको हो ।

# घरजग्गा बिक्री तथा धितो मूल्यांकन रोक्का

अर्घाखाँची । जिल्ला मालपोत कार्यालय अर्घाखाँची सदरमुकाम सन्धिखर्क, नगरउन्मुख गाविस र राजमार्ग एवं सहायक राजमार्ग क्षेत्रको घरजग्गा किनबेच तथा धितो मूल्यांकन एक महिनादेखि रोकिएको छ । घरजग्गा किनबेच तथा धितो मूल्यांकन रोकिँदा सर्वसाधारण मर्कामा परेका छन् ।

घरजग्गा किनबेच तथा मूल्यांकनको काम ठप्प रहँदा ती क्षेत्रमा दैनिक २० देखि ३० घरघडेरी किनबेच रोकिएको छ । सोही कारण दैनिक औसत ५० हजार राजस्वसमेत संकलन हुन सकेको छैन ।

द्वन्द्व अवधिमा तत्कालीन माओवादीले सन्धिखर्कमा गरेको आक्रमणमा नापी कार्यालय अर्घाखाँचीमा रहेका स्रेस्ता, नक्सालगायत अन्य अभिलेख जलेर नष्ट भएका थिए । नापी कार्यालयमा नक्सा तथा स्रेस्ता नभएको मौका छोपी केही व्यक्तिले पुर्जा सच्याई जग्गाको क्षेत्रफल घटबढ गरी किनबेच सुरू गरेका थिए ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा गत मंसिर २५ मा बसेको बैठकले नापी कार्यालयमा नक्सा नभएको मौका छोपी मालपोत कार्यालयबाट जग्गा रजिस्ट्रेसन हुँदा व्यक्तिसँग रहेको जग्गाधनीपुर्जाको आधार लिइएकोमा केही व्यक्तिले पुर्जा सच्याई जग्गाको क्षेत्रफल घटबढ गरेको जनगुनासो हुँदै आएको जनाएको थियो ।

बैठकको निर्णयअनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयले अर्घाखाँची सदरमुकाम क्षेत्र, राजमार्ग एवं सहायक मार्ग र नगरउन्मुख क्षेत्रका घरजग्गाको लिखित पारित गर्दा नापी कार्यालयमा लिखित पठाई नापी कार्यालयबाट नक्साबमोजिम जग्गाधनी प्रमाणपुर्जामा उल्लिखित क्षेत्रफल भिडाई व्यहोरा उल्लेख भई आएपछि मात्र लिखित पारित गर्न मालपोत र नापी कार्यालय अर्घाखाँचीमा परिपत्र गरेको छ ।

मन्त्रालयले परिपत्र गरेपछि जिल्ला मालपोत कार्यालयले सदरमुकाम सन्धिखर्कसहित बाँगला र नरपानी गाविसको पूरै क्षेत्र र राजमार्गले छोएका ठाडा, सीतापुर र खाँचीकोट गाविसको सडकवरपरका क्षेत्रका जग्गासम्बन्धी किनबेच, मूल्यांकनलगायत कार्यालयबाट हुने काम ठप्प रहेको जिल्ला मालपोत कार्यालय अर्घाखाँचीका कार्यालयप्रमुख श्यामबहादुर घर्तीले जानकारी दिए ।

## vj]sb

## नेपाल नवौं स्थानमा

काठमाडौं । आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा नेपालले नवौं स्थान रक्षा गरेको छ । न्युजिल्यान्डको अकल्यान्डमा नेपालले मंगलबार नवौं स्थानका लागि भएको खेलमा युगान्डालाई १६० रनको फराकिलो अन्तरले पराजित गर्दै सो स्थान सुनिश्चित गरेको हो । विश्वकप छनोटको यात्रामा एक जितसँगै नेपालले आफ्नो यात्रा टुंग्याएको छ ।

समूह चरण तथा सातौं स्थानका लागि भएको प्रतिस्पर्धामा नेपाल लगातार पराजित भएको थियो । पछिल्लो पाँचै खेलमा खराब हारको सामना गर्दा नेपालको ब्याटिङ र बलिङ फितलो रह्यो ।

प्रतियोगितामा सहभागी हुँदा नेपालको दुई लक्ष्य थियो । पहिलो विश्वकपमा छनोट हुने तथा एकदिवसीय मान्यता पाउने नै नेपालको महत्वाकांक्षी सपना थियो । तर, नेपालले दुवै लक्ष्य भेटाउन सकेन ।

समूह 'ए'मा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग १२० रन, स्कटल्यान्डसँग ९० रन, हङकङसँग १० विकेट तथा क्यानडासँग १२ रनले पराजित हुँदै अन्तिममा रहेको थियो । पहिलो प्लेअफमा समूह 'बी'को चौथो टोली नेदरल्यान्डसँग पनि ७ विकेटले पराजित भएपछि नेपालले नवौं स्थानका लागि युगान्डासँग प्रतिस्पर्धा गरेको हो ।

माउन्ट मंगोनुईमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४९.४ ओभरमा २४० रनको योगफल खडा गर्‍यो । प्रत्युत्तरमा युगान्डा ३६.३ ओभरमा ८० रन जोड्दा अलआउट भयो । नेपालले महत्वपूर्ण प्रतियोगितामा युगान्डालाई हराएको यो दोस्रो अवसर हो । यसअघि गत वैशाख अन्तिम साता बर्मुडामा सम्पन्न आइसिसी वर्ल्ड डिभिजन-२ को फाइनलमा पनि नेपालले युगान्डालाई पाँच विकेटले पराजित गर्दै उपाधि चुमेको थियो ।

विश्वकप छनोट प्रतियोगिताअवधिभर नेपालको ब्याटिङ, फिल्डिङ तथा बलिङमा खराब प्रदर्शन रह्यो । तर, युगान्डासँगको प्रतिस्पर्धामा नेपालले यी तीनै क्षेत्रमा व्यापक सुधार गर्‍यो । नेपालका लागि पृथु बास्कोटाले ५९ रनको सर्वाधिक योगदान दिए । चोटका कारण रिटायर्ड हर्ट हुनुअघि पृथुले ५१ बलमा नौ चौका र एक छक्का प्रहार गरे । अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा उनको यो पहिलो अर्धशतक हो । क्रिजमा शरद भेसवाकरसँग जुधेपछि पृथु घाइते भए । त्यसपछि उनी रिटायर्ड हर्ट हुँदै मैदानबाट बाहिरिए । नेपालका लागि शरदले ४१ रन जोडे । विनोद भण्डारीले २१ बलमा ३५ रन जोडे । विनोदले आफ्नो इनिङमा तीन छक्का र दुई चौका प्रहार गरेका थिए । शरद र पृथुबीच पाँचौं विकेटका लागि सर्वाधिक ८८ रनको साझेदारी भएको थियो ।

कप्तान पारस खड्काले ३० रन जोड्दा ओपनर प्रदीप ऐरीले ३२ बलमा २३ रन जोडे । अर्का ओपनर महेश १९ रनमा रनआउट भए । ब्याटिङमा सुधारिएको प्रदर्शन गरेको नेपालले बलिङमा पनि राम्रो गर्‍यो । सागर पुनले १८ रन खर्चेर तीन विकेट लिएपछि युगान्डाका ब्याट्सम्यानहरु खुलेर ब्याटिङ गर्न सकेनन् । युगान्डाका लागि रिचार्ड ओकियाले सर्वाधिक १९ रन जोड्नबाहेक अन्यले गतिलो प्रदर्शन गर्न सकेनन् । सोमपाल कामी र शक्ति गौचनले समान दुई विकेट लिए । वसन्त रेग्मीले एक विकेट लिए । अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलोपटक बलिङ गरेका ऐरीले १० ओभरमा २६ रन खर्चे ।

## बलरका कारण सिरिज गुमायौं : धोनी

ह्यामिल्टन । न्युजिल्यान्ड भ्रमणमा रहेको भारतीय राष्ट्रिय क्रिकेट टोली मंगलबार तेस्रो एकदिवसीय क्रिकेट प्रतियोगितामा ७ विकेटले पराजित भएको छ । हारसँगै भारतले लगातार घरबाहिर दुई सिरिज गुमायो । यसअघि भारतले दक्षिण अफ्रिकामा पनि एकदिवसीय सिरिज गुमाएको थियो । न्युजिल्यान्डले पाँच खेलमा ३-० को अग्रता लिँदै सिरिजमाथि कब्जा जमायो । न्युजिल्यान्डको भूमिमै आइसिसी एकदिवसीय वरियताको शीर्ष स्थान गुमाएको भारतीय टोलीका कप्तान महेन्द्रसिंह धोनी धेरै दुःखी देखिए । विश्व च्याम्पियन टोलीले खेल गुमाउनुका कारण फास्टबलरले गतिलो प्रदर्शन नगरेको दोष कप्तान धोनीले लगाएका छन् । 'हाम्रै बलरले उत्कृष्ट प्रदर्शन गर्न सकेनन्, उनीहरुकै कारण लज्जास्पद हार सामना गर्न बाध्य भयौं,' चौथो खेल पनि गुमाएपछि धोनीले भने ।

ह्यामिल्टनको पिचमा भारतीय बलरले नयाँ तथा पुरानो बललाई राम्ररी प्रयोग गर्न नसकेको धोनीको भनाइ रह्यो । 'न्युजिल्यान्डको पिचमा नयाँ र पुरानो बललाई राम्ररी प्रयोग गर्न सक्नुपर्छ तर मेरा बलर यसमा चुकेका छन्,' बलरको कमजोरी देखाउँदै धोनीले भने, 'अझ बलरले सटपिच तथा वाइड धेरै फ्याके ।' सिरिजमा फास्टबलरले सोचेभन्दा बढी रन खर्चेदा उनको अर्को चिन्ता थियो- 'उनीहरुले फिल्डिङ सेट गरेअनुसार बलिङ गरेनन्, जसका कारण अनावश्यक रूपमा धेरै रन न्युजिल्यान्डका ब्याट्सम्यानले लिन सफल रहे, यसविपरीत स्पिनरले भने राम्रै प्रदर्शन गरेको भन्नुपर्छ, स्पिनरले भनेको स्थानमा बल फ्याँक्दै कम रन दिए ।'

पहिलो ब्याटिङ गरेको भारतले ५० ओभरमा पाँच विकेट गुमाएर २७८ रनको योगफल खडा गरेको थियो । टोलीका लागि राहुल शर्मा (७९), धोनी (७९) र रवीन्द्र जडेजा (६२)ले योगदान दिएका थिए । प्रत्युत्तरमा न्युजिल्यान्डले ४८.१ ओभरमा तीन विकेट गुमाएर २८० रनको बनायो । न्युजिल्यान्डको सानदार जितमा रोस टेलरले शतकीय इनिङ खेल्दै ११२ रनको योगदान दिए । उनले १२७ बलमा १५ चौका ठोके । काने विलियम्सले महत्वपूर्ण ६० रन जोडे । चौथो एकदिवसीय खेल जित्दा भारत सिरिजमा फर्कन सक्थ्यो । दुवै टोलीबीच तेस्रो एकदिवसीय खेल टाई भएको थियो ।

ओपनिङ जोडी तथा अन्य विकेटबीच गतिलो साझेदारी नहुनु पनि हारको कारणका रूपमा धोनीले टिप्पणी गरेका छन् । 'अहिलेसम्मको प्रतिस्पर्धामा हामीले गलत समयमा विकेट गुमायौं, साथै चारै खेलमा गतिलो साझेदारी भएन,' धोनीले भने, 'ओपनिङ जोडी संघर्षरत देखिए, अन्तिम दुई खेलमा केही सकारात्मक साझेदारी भयो, पहिलो १० ओभरमा विकेट गुमाउनु नै चिन्ताको विषय बनेको छ ।'

# मलेसिया रोजगारमा बायोमेट्रिक विवाद

काठमाडौं । मलेसियाको रोजगारमा स्वास्थ्य परीक्षणका लागि बायोमेट्रिक एजेन्ट विवाद बढ्न थालेकको छ । सरकारले मलेसियाको रोजगारमा स्पष्ट धारणा सार्वजनिक गर्न नसक्दा बायोमेट्रिक एजेन्ट विवाद बढेको हो ।

मलेसियामा सरकारले निर्धारण गरेको लागत शुल्कमा कामदार पठाउन सकिने भए पनि बायोमेट्रिक परीक्षणले थप खर्च बढाउनेछ । सरकारले मलेसियाका लागि ८० हजार रूपैयाँ लागत निर्धारण गरेको छ । नेपाली व्यवसायीले कामदारको भिसा ल्याउँदा नै ८० हजार रूपैयाँ प्रतिकामदार मलेसियन एजेन्टलाई दिइरहेका छन् ।

पछिल्लो समय भिसा शुल्कमा ७ सय रूपैयाँ लाग्दै आएकोमा ३ हजार २ सय भिएलएन भन्ने एजेन्टलाई बुझाउनुपर्दा व्यवसायी असन्तुष्ट छन् । अर्कातिर बेस्टिनेट बिएचडी नामक कम्पनीले गर्ने बायोटिक प्रणालीमा पनि १ हजार ५ सय रूपैयाँ थप शुल्क लिन लागेपछि स्वास्थ्य व्यवसायीमाझ पनि विवाद चर्किएको छ । नेपाल वैदेशिक रोजगार मेडिकल एसोसिएसनका अध्यक्ष खड्गबहादुर श्रेष्ठले बायोमेट्रिक प्रणालीको फाइदा सीमित कमिसन एजेन्टलाई मात्र हुने बताए ।

उनले मलेसिया गएका विदेशी कामदारले मलेसिया सरकारले इजाजत दिएको 'फोमेमा' भन्ने त्यहाँको स्वास्थ्यसंस्थामा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराउनुपर्ने भएकाले यसले कामदारको खर्च मात्र बढाउने जिकिर गरे । 'रिपोर्टमा खराब प्रतिवेदन देखिनासाथ उनीहरूलाई आफ्नै मुलुकमा फर्काउने कार्य हुने भएकाले यसको औचित्य कतै देखिँदैन,' उनले भने ।'

नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष प्रवीण तिवारीले मलेसियाबाट प्रतिमहिना एक सय ६० कामदार फर्किरहेकाले गुणस्तरीय स्वास्थ्य परीक्षणविरुद्ध कोही अघि बढ्न नहुने बताए । 'मलेसियाबाट फर्कने कामदार संख्या ठूलो छ,' उनले भने ।

व्यवसायी मलेसियाको रोजगारमा कमिसन बढाउने प्रतिस्पर्धाले लागत शुल्कमा थप विवाद सिर्जना गरेको बताउँछन् । सरकारले निर्धारण गरेको लागत शुल्क र सेवा शुल्क न्यून भइरहेको अवस्थामा रोजगार कोटा ल्याउँदा दिइने कमिसनले व्यवसायीको छविमा नकारात्मक असर परेको उनीहरूको भनाइ छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघकी महासचिव सुवर्ण श्रेष्ठले मलेसियाको रोजगारलाई विवादित हुन नदिन सरकारले समयमा नै सजगता अपनाउनु आवश्यक भएको बताइन् । 'मलेसियाबाट स्वास्थ्यका कारण फर्कने कामदार संख्याबराबर नयाँ कामदार जान पाउने नीति आउन सकेमा व्यवसायीको रकम गुम्ने जोखिम न्यूनीकरण हुनेछ,' उनले भनिन्, 'स्वास्थ्य परीक्षणबाट फर्कने संख्या घटाउन स्वास्थ्य व्यवसायीले ल्याउने कार्यक्रममा संघको समर्थन रहनेछ ।' उनले बायोमेट्रिक प्रणालीको विवादलाई नेपाल र मलेसिया सरकारले बढ्न दिन नहुने बताइन् । तेन्दुली म्यानपावरका प्रबन्ध सञ्चालक देवेश प्रसाईंले मलेसियाको रोजगारबाट फर्कने कामदारको प्रकृतिअनुसार क्षतिपूर्ति निर्धारण गरिनुपर्ने बताए ।

## 'ठूलाभन्दा साना र मझौला उद्योगमा ध्यान दिउँ'

काठमाडौं । अर्थ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री शंकरप्रसाद कोइरालाले एक-दुई वर्षमै ठूला उद्योग स्थापना र सञ्चालन सम्भव नभएकाले आर्थिक विकासका लागि साना र मझौला उद्योगमा ध्यानकेन्द्रित गर्नुपर्ने बताएका छन् । उद्योग मन्त्रालयअन्तर्गत सञ्चालित लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले आयोजना गरेको अन्तर्क्रियामा उनले यस्तो बताएका हुन् ।

अब बन्ने नयाँ सरकारले संविधान लेखनसँगै आर्थिक विकासलाई पनि अघि बढाउने उनले विश्वास व्यक्त गरेका छन् । मन्त्री कोइरालाले भारत भ्रमणमा भारतीय प्रधानमन्त्री मनमोहन सिंहको सुझाव उल्लेख गरे । उनका अनुसार भारत तथा अन्य तेस्रो देशमा आयात गरी अर्थतन्त्र समृद्ध गराउन भारतीय प्रधानमन्त्री सिंहले साना र मझौला उद्योगमा नेपालले जोड दिनुपर्ने सुझाव दिएका थिए । 'लघु उद्यम विकास कार्यक्रम नेपाल सरकारले दातृ निकायसँगको सहकार्यमा कार्यान्वयन गरेको सबैभन्दा सफल कार्यक्रम हो,' उनले भने, 'यो ढाँचालाई नेपाल सरकारले पूरै आत्मसात् गरी गरिबी निवारणका लागि देशभर लागू गर्ने बाटोमा अगाडि बढिरहेको छ ।' द्वन्द्वकालमा राम्ररी चलेका उद्योग बन्द गर्नुपरेको उनले बताए । '

## /Elg va/

### विद्यार्थीका लागि एटुजेड खुराक

काठमाडौं । स्तम्भलेखनमार्फत चिनिँदै आएका रामजी बलामीको विद्यार्थीवर्गलाई हौसला र प्रेरणा जगाउने पुस्तक 'विद्यार्थीका लागि ए टु जेड खुराक' बजारमा आएको छ ।

पुस्तकमा विद्यार्थीको पढाइ, परीक्षा तयारी, अभिभावकको भूमिका, व्यावहारिक शिक्षा, व्यक्तित्व विकासलगायतका विषयमा एदेखि जेड र कदेखि ज्ञसम्मका अक्षरबाट सुरुवात गरी वर्णन गरिएको छ । पुस्तकमा विश्वप्रसिद्ध महावाणीहरू, सर्वेक्षण, अनुसन्धान, तथ्य, तथ्यांक र विद्यार्थीको मनोविज्ञानलाई समेत समेटिएको छ ।

विद्यार्थीवर्गलाई लक्षित गरी लेखिएको भए पनि पुस्तकमा व्यावहारिक, नैतिक, सामाजिक ज्ञानका कुरा पनि समावेश भएको हुँदा सिक्न चाहने सबैका लागि उपयोगी रहेको लेखक बलामी बताउँछन् । विशेषतः एसएलसी तहका विद्यार्थी र अभिभावकका लागि पुस्तक निकै उपयोगी हुने उनले दाबी गरे । एक सय ३६ पृष्ठको पुस्तकको मूल्य एक २५ रूपैयाँ रहेको छ ।

### युट्युबमा ६ एकान ६ अपलोड गर्ने पक्राउ

युट्युबमा चलचित्र ६ एकान ६ को भिडियो राखेको आरोपमा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ । फिल्मका निर्माता दीपकराज गिरीको उजुरीका आधारमा हनुमानढोका प्रहरीले उनलाई पक्राउ गरेको हो ।

पक्राउ पर्ने सन्दीप मगरले दुई दिनअघि ६ एकान ६ को ५० मिनेट लामो भिडियो बनाएर युट्युबमा अपलोड गरेका थिए । दुई दिनभित्रै सो भिडियो ३५ हजारले हेरेको निर्माता गिरीले बताए ।

'भिडियो अपलोड भएको थाहा पाउनासाथ मैले उजुरी गरेको थिएँ,' गिरीले नयाँ पत्रिकासित भने, 'त्यसवेला चार सयले मात्रै हेर्न भ्याएका थिए । तर, प्रहरीले अभियुक्तलाई पक्राउ गर्दासम्म ३५ हजार भिजिटर पुगेछन् ।' भिडियो युट्युबमा आएपछि आफूलाई विदेशबाट फोन आएको उनले बताए । ६ एकान ६ उनले नेपालबाहिर थुप्रै देश लैजाने तयारी गरिरहेका छन् ।

गिरीले मगरविरुद्ध ५० लाखको क्षतिपूर्ति दाबी गरेका छन् । यति ठूलो रकम किन दाबी गर्नुभयो भन्ने प्रश्नमा गिरीले भने, 'भोलि कसैले यस्तो पाइरेसी नगरून् भनेर पाठ सिकाउनलाई हो । तर, यसमा हामी पक्कै लचक हुनेछौं ।' भिडियो पाइरेसीमा १० लाखसम्म जरिबाना र तीन वर्ष कैद हुनसक्ने व्यवस्था छ । पक्राउ परेलगत्तै मगरको एकाउन्टबाट सो भिडियो हटाउन लगाइएको थियो ।

हाल तेस्रो हप्तामा चलिरहेको ६ एकान ६ ले शुक्रबार मात्र रिलिज भएको हिन्दी फिल्म जय होलाई टक्कर दिएको गिरीले दाबी गरे ।

### मधुमालतीको कथा उडिसामा

काठमाडौं । भारतको राज्य उडिसाको कटकमा २० जनवरीबाट सुरु भएको ग्लोबल थिएटर फेस्टिबलमा नेपालबाट युरो इन्टरनेसनल स्कुलले सहभागिता जनाएको छ । जनवरी ३० सम्म चल्ने फेस्टिबलमा नेपालले २६ जनवरीमा नाटक प्रदर्शन गऱ्यो ।

फेस्टिभलमा रमेश विकलले लेखेको मधुमालतीको कथालाई नाटकको रूपमा प्रस्तुत गरिएको थियो । कथालाई रंगकर्मी टंक चौलागाईंले नाट्य रूपान्तरण गरेका हुन् । उनकै निर्देशनमा कक्षा तीनदेखि पाँचसम्म अध्ययन गरिरहेका विद्यार्थी कलाकार आदित्य सुवेदी, सुमिरन कोइराला, काव्या चन्द, सुबोध ढुंगेल, आर्यन थापा, रूसिद भट्ट, सोफिया कटुवाल, देविका घिताल, अदिती सिलवाल, संयम सिलवाललगायतले नाटकमा अभिनय गरेका थिए । मुख्य भूमिकामा रहेका ९ वर्षका आदित्य र १० वर्षकी सुमिरनको अभिनय दर्शकले रूचाएका थिए ।

मण्डपिका कला समूहको सहकार्यमा युरो स्कुलले फेस्टिभलमा सहभागिता जनाएको प्रिन्सिपल अन्जु भट्टराईले बताइन् ।

थिएटर मुभमेन्टले आयोजना गरेको महोत्सवमा नेपालसहित बंगलादेश, श्रीलंका, चेक रिपब्लिक, थाइल्यान्ड, पाकिस्तानलगायतका देश सहभागी थिए ।

## skt/6



### हिमालयन बैंकको सहयोग

काठमाडौं । हिमालयन बैंकले काठमाडौंको चपली, भद्रकालीस्थित तपस्थली वृद्धाश्रमका वृद्धालाई सहयोग उपलब्ध गराएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले वृद्धाश्रममा आश्रित १५ वृद्धालाई ओढ्ने तथा लगाउने कपडा, खाना पकाउने राइसकुकर, थर्मस, तातो-चिसो पानी डिस्पेन्सर, चामललगायत सामग्री वितरण गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर जबराले सहयोग हस्तान्तरण गरेको विज्ञप्तिमा उल्लेख छ ।

### ग्लोबल आइएमईको जनचेतना कार्यक्रम

काठमाडौं । ग्लोबल आइएमई बैंकले बैंकिङ सेवाबारे जनचेतना जगाउने उद्देश्यले म्याग्दीमा अन्तर्क्रिया सम्पन्न गरेको छ ।

अन्तर्क्रियामा म्याग्दीका प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की, उद्योग वाणिज्य संघ म्याग्दीका अध्यक्ष तथा सदस्य सहभागी भएको बैंकले जनाएको छ । कार्यक्रममा बैंकले सञ्चालन गरिरहेको साना व्यवसायी कर्जा, कृषि कर्जालगायत विभिन्न सेवा तथा बैंकिङ सुविधाको आवश्यकताबारे स्थानीयलाई जानकारी दिइएको थियो ।

### प्रभुको साहित्यिक कार्यक्रम

काठमाडौं । प्रभु विकास बैंकले साहित्यिक कार्यक्रम गर्ने भएको छ । बर्सेनि साहित्यिक कार्यक्रममा सहभागी हुँदै आएको बैंकले आउँदो शनिबार राष्ट्रकवि माधव घिमिरेको काव्यसंवाद आयोजना गर्न लागेको कार्यकारी अधिकृत अशोक शेरचनले बुधबार काठमाडौंमा गरिएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

साहित्यको विविध क्षेत्रमा पहुँच पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले बैंकले कार्यक्रम गर्न लागेको उनको भनाइ छ । बैंकको मञ्चमा राष्ट्रकवि माधव घिमिरेले केही कविता वाचन गर्नेछन् । साथै, गायक अमृत गुरुङ, कलाकार अनुप बराल, साहित्यकार केदार शर्मालगायतले घिमिरेका एक दर्जनभन्दा धेरै कविता वाचन गर्नेछन् । कार्यक्रममा घिमिरेसँग कवि भोजराज न्यौपानेले अन्तरंग कुराकानी गर्नेछन् । शनिबार कार्यक्रममा प्रवेश निःशुल्क रहेको बैंकका कार्यकारी अधिकृत अशोक शेरचनले जानकारी दिए ।

### गोरुसिंगेमा सेवा बैंकको एटिएम

बुटवल । मुख्य कार्यालय बुटवलमा रहेको सेवा विकास बैंकले गोरुसिंगे शाखामा एटिएम सेवा विस्तार गरेको छ । गोरुसिंगेसहित बैंकका एटिएम सञ्जाल ७ पुगेका छन् । एटिएम सेवा उद्घाटन बैंक सञ्चालक समिति अध्यक्ष भीमप्रसाद तुलाचन तथा स्थानीय समाजसेवी झलकविक्रम शाहले संयुक्त रूपमा गरेका थिए ।

### आचारसंहिता पालना गर्न निर्देशन

बुटवल । होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ रुपन्देहीले आचारसंहिता कडाइसाथ लागू गर्न व्यवसायीलाई निर्देशन दिएको छ ।

संघको शनिबार सम्पन्न बैठकले आचारसंहिता कार्यान्वयन नगर्ने व्यवसायीलाई कारबाही दायरामा ल्याउने निर्णय भएको वरिष्ठ उपाध्यक्ष समुद्र जिसीले बताए । संघले होटल व्यवसाय मर्यादित बनाउन आचारसंहिता बनाएको थियो । बैठकले निवर्तमान अध्यक्ष महेन्द्र श्रेष्ठको संयोजकत्वमा संघसंस्था समन्वय समिति, जिसीको संयोजकत्वमा पर्यटन र संगठन विस्तार, विष्णु न्यौपानेको संयोजकत्वमा अनुगमनलगायत समिति गठन गरेको अध्यक्ष मोदनाथ बेल्बासेले बताए ।

### प्रभु र ग्रिनबीच सम्झौता

काठमाडौं । प्रभु विकास बैंक र ग्रिन डेभलपमेन्ट बैंकबीच चेक भुक्तानी र रकम जम्मा गर्नेसम्बन्धी सम्झौता सोमबार भएको छ । ग्रिन डेभलपमेन्ट बैंकका ग्राहकले प्रभुको काठमाडौंस्थित शाखाबाट चेकको भुक्तानी लिन सक्नेछन् । यसैगरी, ग्रिनको खाताबाट प्रभु विकास बैंकमा रकम जम्मा गर्न सक्छन् । सम्झौतामा प्रभु विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र ग्रिन डेभलपमेन्टका प्रमुख कार्यकारी प्रकाश श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

### जेसिबीद्वारा अटो पत्रकारलाई तालिम

काठमाडौं । जेसिबी ब्रान्डको हेभी इक्विपमेन्ट आयातकर्ता मोरङ अटो वर्कस् (एमएडब्लु) ले अटो पत्रकारलाई सोमबार तालिम दिएको छ । कम्पनीले समाचार लेखनमा सञ्चारकर्मीलाई सहज बनाउने उद्देश्यले हेभी इक्विपमेन्टबारे तालिम दिएको जनाएको छ । एमएडब्लुका बजार प्रबन्धक सञ्जीव देउजाले जुनसुकै हेभी इक्विपमेन्ट प्रयोगमा आउँदा पनि डोजरको मात्रै नाम आउने भएकाले नयाँ तथ्य दिन तालिम दिएको जानकारी दिए ।

अटो पत्रकार संघमा आबद्ध करिब दुई दर्जन सञ्चारकर्मीको उपस्थिति रहेको तालिममा डोजर, स्काभेटर, ब्याकहो लोडर, रोलर, क्रेन, लोडरलगायत हेभी इक्विपमेन्टबारे जानकारी दिइएको थियो ।

## एमालेभित्रै...

ओली सरकारमा उप-प्रधानमन्त्रीसहित पार्टी अध्यक्ष बन्ने वातावरण निर्माणमा लागेका छन् । बामदेव गौतम केपीलाई सरकारमा पठाएर आफैं पार्टी अध्यक्ष बन्न माधव नेपालसँग 'गुप्तगू' गर्दैछन् । अध्यक्ष झलनाथ खनाल वामदेव र माधव नेपालसँग मिलेको देखिन्छ ।

अर्थात् एमाले संविधान निर्माणमा गम्भीर छैन । एमाले जसरी पनि सत्ता, शक्तिको ठूलो भाग खोजिरहेको छ । एमालेभित्रको यो कालो राजनीतिले एकवर्षभित्रमा संविधान लेख्ने काम पूरा नहुने संकेत देखिएको छ ।

## कांग्रेसको...

गाइडलाइनमा चल्नु हुन्न । यस्ता गाइडलाइनले कांग्रेसको मति विग्रने छ । राज्यलाई समेत अघोषित प्रान्तमा झार्नेछ, लोकतन्त्रको बदनाम हुनेछ । एमाले-कांग्रेसलाई 'भारतीय दलाल' का रूपमा बदनाम गर्न अमरेशजस्ता अनेक एजेन्टहरूलाई 'हावा' दिइरहेका समाचार सार्वजनिक भएका छन् ।

एमाले २०४६ सालपछि प्रजातान्त्रिक अभ्यास गर्दै आएको छ । तर पूर्ण रूपमा प्रजातान्त्रिकरण हुन सकेको छैन । एमाले कहिले जबज, कहिले जनतन्त्र पनि भन्छ, समाजवादी कुरा पनि गर्छ । 'ब्वाइलर' स्वरूप धारण गरेको एमाले यतिखेर कांग्रेसको मुखमा बल्छी हालेर सत्ता तिर्खा मेट्ने कसरत गर्दैछ । यस्तै हो भने एक वर्षमा संविधान बन्ने छैन, राजनीतिक झगडा मात्र चर्कने छ ।

## विश्वसम्मेलनमा...

थप एक करोड उपलब्ध गराएका थिए । यति धेरै रकम खर्च भयो तर लेखापरीक्षण गरिएन । सफाइ गरिएको फोटो र खर्च भयो भन्ने विवरणमात्र सार्वजनिक भएपछि आरोही संघका अध्यक्ष बाङ्चु शेर्पा र महासचिव दिवस पोखरेल भ्रष्टाचारमा मुछिएका छन् ।

यसैबीच प्रभावशाली भ्रष्टाचारबारे छानविन हुनैपर्छ भनेर अख्तियारमा उजुरी परेको छ । अख्तियारमा राजनीतिक प्रभाव पारेर भ्रष्टाचारीहरूले उजुरी कारबाहीमा जानबाट रोकिरहेका छन् ।

यो 'सगरमाथा सफाइ समाचार' ले विश्वमै नेपालको भ्रष्टाचारी छवि देखिन पुगेको छ । भ्रष्टाचारमाथि कारबाही नहुने हो भने पछि-पछि अलिक अनुदान घट्दै जाने निश्चित छ । लोकमानसिंह कार्कीको नेतृत्वको अख्तियारले सगरमाथाको नाममा भएको भ्रष्टाचारमाथि अनुसन्धान गर्ला ?

## विजय गच्छदारको...

भएको हैसियतले सरकारको नेतृत्व पनि कांग्रेसले नै लिने भएकोले त्यसबेला गच्छदारले पावरमा पुग्न मोर्चालाई हतियारको रूपमा प्रयोग गर्न सक्ने अन्य पार्टीका नेताहरूले आशंका गरेका छन् ।

मधेसवादी केही साना दल र गैरमधेसवादी केही दलहरूले अघिल्लो संविधानसभामा समेत गच्छदार संयोजक रहेको मोर्चा केवल सरकारमा सहभागिताका लागि वार्गेनिङ पावरका रूपमा मात्र प्रयोग गरिएकोले अहिले पनि त्यस्तै हुनसक्ने भन्दै उनीहरूले मोर्चा नबनाउने निर्णय समेत गरेका छन् । एक नेताका अनुसार मोर्चा बनाउँदा मधेसमा गलत सन्देश जाने भएकोले त्यसको विपक्षमा आफूहरू उभिएको बताएका छन् ।

तीन मधेसवादी दलहरू तमलोपा, फोरम नेपाल र सद्भावना पार्टी एकीकरणको प्रयासमा लागेका बेला उनीहरूलाई उछिन्दै चौथो शक्तिका रूपमा आउनका लागि गच्छदारले मोर्चावन्दीको प्रयास गरेका थिए । यी तीन पार्टीबाहेक मधेसवादी दल र गैरमधेसवादी दलका गरी झन्डै ४० जना सभासद् रहेका छन् । गच्छदारको पार्टीले भने जम्मा १४ सिट मात्र पाएको छ । मोर्चावन्दी गर्नका लागि अध्यक्ष गच्छदारले विभिन्न समयमा विभिन्न प्रकारका भेटघाट र छलफल, लन्च, डिनरको व्यवस्था गरे पनि अन्त्यमा वा अहिले भने गच्छदारलाई हात लाग्यो शून्य भएको राजनीतिक विश्लेषकहरूले ठहर गरेका छन् । उनीहरूका अनुसार सधैं सत्तामा रहेका गच्छदार अहिले भने सत्ता बाहिर नै रहनुपर्ने अवस्था देखिएको र सत्तामै पुगे पनि त्यहाँ उनको वार्गेनिङ पावर निकै कमजोर हुने विश्लेशकहरूले बताएका छन् ।

## नेकपा एमाले...

निर्णय दिइसकेको अवस्थामा अहिले राष्ट्रपतिको चुनाव सम्भव छैन । राष्ट्रपतिको चुनाव गराउनु हुँदैन । एमाले राष्ट्रपतिको चुनाव हुनुपर्दछ भन्दै जिद्धी गर्दछ भने ऊ अन्य दलहरूबाट एक्लिन सक्छ । यदि त्यसो भएमा उसलाई एक्ल्याएर अन्य सबै दलहरू मिलेर सरकार बन्न सक्छ । त्यसो भएमा नेकपा एमालेलाई नै घाटा पुग्ने बताउँदै नयाँ राष्ट्रपति चुन्ने गरी संविधानसभाको दोस्रो निर्वाचन नभएको उनले तर्क गरेका थिए ।

एमालेसहितको सरकार बनाउन चाहेको कांग्रेसले एमालेले राष्ट्रपतिको चुनाव हुनुपर्ने अडानले उसलाई सरकारबाहिर राख्न सक्ने आशंका समेत विजुक्छेले गरेका छन् । छिमेकी मुलुक लगायतका शक्ति राष्ट्रहरूले ठूला दलहरूभित्र एकका विरूद्ध अर्को र जातजातिको वैकल्पिक नेता तयार गरिराखेको दाबी गर्दै अध्यक्ष विजुक्छेले त्यसमा नेताहरूलाई सजग रहन आग्रह गर्दै कांग्रेसभित्र पनि सुशील कोइरालाविरूद्ध शेरबहादुर देउवा, रामचन्द्र पौडेललाई उभ्याएका छन् भन्दै नेकपा एमालेभित्र पनि माधव नेपालविरूद्ध केपी ओलीलाई उभ्याएर दुवैलाई तर्साउनका लागि झलनाथ खनाललाई प्रयोग गरिएको आरोपसमेत लगाएका छन् । यसरी प्रत्येक दलभित्र ठूला शक्तिहरूले खेलिरहेकोले एकवर्षभित्रमा संविधान निर्माण हुन नसक्ने ठहर उनले गरेका छन् ।

## राष्ट्रपति...

इजलास वा फुल वेन्चबाट बदर समेत हुन सक्ने बताएका छन् ।

नेकपा एमालेले आफ्नो चुनावी घोषणापत्रमा ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने प्रतिवद्धता गरेको उद्घोष गर्दै नेता नेपालले अन्य सबै दलहरूलेसमेत ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने प्रतिवद्धता जनतासामु गरेका हुनाले सरकार निर्माण भएको ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउनै पर्ने बताएका छन् । उता एमाओवादीले भने नयाँ संविधान निर्माण नभएसम्म स्थानीय निकायको निर्वाचन नगराउने अडान लिएकोप्रति आक्रोश पोख्दै नेता नेपालले चुनाव हारिने डरले एमाओवादी आफ्नै प्रतिवद्धता विपरित उभिनु भनेको जनतालाई धोका दिनु हो भन्दै वैशाख जेष्ठमा स्थानीय निकायको चुनाव हुने भए आफ्नो पार्टीको महाधिवेशन एक दुई महिना पछि सार्न पनि आफूहरू तयार रहेको उद्घोष गरेका छन् ।

नेता नेपालको भनाइमा पार्टीको महाधिवेशनभन्दा स्थानीय निकायको चुनाव महत्वपूर्ण हो । त्यसैले सबै दलको प्रतिवद्धता अनुसार वैशाख जेष्ठमा स्थानीय निकायको चुनाव हुनै पर्दछ भन्दै एमाओवादीले चुनाव हारिने डर र बामदेव गौतमले नेकपा एमालेको नेतृत्व गर्दै सरकारमा जाने भएपछि नेकपा एमालेले स्थानीय निर्वाचनको चुनावमा बहुमत ल्याउन सक्ने अवस्था देखेपछि एमाओवादी ६ महिनाभित्रमा चुनाव गराउन नदिने षड्यन्त्रमा लागेको आरोपसमेत नेपालले लगाएका छन् ।

सरकार गठन भएको ६ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन गराउने भनिएता पनि सरकार निर्माण हुन अझै केही समय लाग्ने र जेष्ठमा चुनाव हुन नसकेको खण्डमा मंसिरमामात्र स्थानीय निकायको चुनाव हुन सक्ने देखिन्छ । असार-श्रावणमा वर्षायाम सुरू हुने र जनता खेतीपातिमा व्यस्त हुने भएको हुनाले त्यसबेला चुनाव हुनसक्ने अवस्था नै रहँदैन । यी सबै कारणहरूले गर्दा दलहरूले सरकार निर्माण भएको ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने भन्ने प्रतिवद्धता नै दलहरूले उल्लंघन गर्ने सम्भावना बढेर गएको छ । संविधानसभाको दोस्रो निर्वाचनपछि दलहरूले आफ्नो प्रतिवद्धता पूरा गर्न नसक्नु भनेको दलहरूको लागि पहिलो गाँसमै ढुंगा सरह भएको छ ।

## सडकबाटै...

एमाओवादीले चुनावमा भाग लिए पनि उसले आफ्नै कारण नराम्रो पराजय भोग्नु परेकोले एमाओवादीका धेरै नेता तथा कार्यकर्ताहरू आफ्नो पार्टी नेकपा-माओवादीमा प्रवेश गरेका हुनाले अब गरिने सडक आन्दोलनबाटै सबै कुराको निर्णय हुने बताउँदै अहिले केही दलहरू २०४७ सालको संविधानलाई निरन्तरता दिने कार्यमा लागेको बताए पनि कुन कुन दल छन् भन्ने प्रष्ट पारेनन् ।

२०४८ र २०५१ मा सरकारमा रहेकै दलहरू फेरि सरकारमा पुग्ने भएको हुनाले एमओवादीको त्यहाँ कुनै अर्थ नै नहुने बताउँदै त्यस्तो अवस्थामा कसरी जनताको पक्षमा संविधान बन्न सक्छ भन्ने प्रश्न गर्दै त्यसैले संविधानसभा विघटन हुनुपर्दछ भन्ने माग गरेका थिए । उनी सहिद परिवार र आफ्ना पार्टीका कार्यकर्ताहरू र समर्थकहरूलाई भेट्न र छलफल गर्न विभिन्न जिल्लाको भ्रमणमा निस्किएको स्वयम् वैद्यले बताएका छन् ।

## तीन दलिय...

व्यवस्थापिका संसदको पहिलो वैठकमै विगतको सहमति आफूलाई मान्य नहुने भनि दिएको चुनौतीलाई जवाफ दिने तीन दलको रणनीतिक तयारी थियो । तर राप्रपा नेपाललगायत राष्ट्रिय जनमोर्चा नेपाल र अन्य साना दलहरूले समेत अलग-अलग विषयमा विरोध जनाएपछि तीन दललाई पहिलो गाँसमै ढुंगा परेको छ । विश्वमा कहीँ पनि संविधानसभाको वैठकमा संसदको जस्तो जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश हुने गरेको इतिहास छैन । तर संविधानसभा बाहिर गएर तीन दलले गरेको निर्णयलाई स्वीकार गर्न अन्य दलहरूलाई बाध्य पार्न खोज्नु लोकतान्त्रिक पद्धतिभन्दा बाहिर गएर अन्य दलहरूलाई लाद्न खोज्नुबाहेक अन्य केही हुन सक्दैन । संविधानसभा/व्यवस्थापिका संसद्लाई नै समस्याको समाधान गर्ने थलोको रूपमा हेरिनुपर्नेमा संसद्भन्दा बाहिर गएर कुनै अँध्यारो कोठामा बसेर तीन दलले गरेका निर्णयहरू स्वीकार गरिएको खण्डमा त्यसले सार्वभौमसत्ता सम्पन्न नेपाली जनता सार्वभौम नभएको प्रमाणित हुने भएको हुनाले संविधानसभा/व्यवस्थापिका संसदभन्दा बाहिर भएका निर्णयहरू कुनै हालतमा पनि स्वीकार गर्नु उचित हुँदैन । पहिले संविधानसभाले गरेका निर्णयहरूलाई जबर्जस्ती संविधानसभा/व्यवस्थापिका संसदमा प्रवेश गराइएको खण्डमा त्यसले संविधानसभा/व्यवस्थापिका संसदको गरिमा नै समाप्त हुन सक्ने सम्भावना बढेर गएको छ ।

## चीनलाई मर्स्याङ्दीमै महाभारत

पोखरा । चीनको ९० र नेपालको सगरमाथा हाइड्रोको १० प्रतिशत लगानीमा लमजुङमा बन्न लागेको ५० मेगावाटको मर्स्याङ्दी जलविद्युत् आयोजनालाई असफल गराउन भारतीय चलखेल भएपछि डेढवर्षदेखि काम सुरू हुन सकेको छैन ।

चीनले नेपालका महत्वपूर्ण जलविद्युत्, सडक, एयरपोर्टलगायतका काममा लगानी बढाउँदै लगेपछि 'खतरा' महसुस गरेको भारतले आफ्नो प्रभावको दूरूपयोग गरेर चीनलाई हतोत्साही पार्ने रणनीति लिएको देखिन्छ ।

१३ महिनाअघि निर्माण सुरू भएको हो यो आयोजनाको । यो अवधिमा धेरै काम हुनुपर्दथ्यो तर बाटो मर्मत, निर्माण बाहेक सरोकार समिति गठन गरेर मूल निर्माण कार्य गर्न सकिरहेको छैन । यसकारण कि छुट्याएको रकम समेत खर्च हुनसकेको छैन । मूल निर्माणकर्ता सिनो हाइड्रोले पटक-पटक स्थानीय र सिंहदरबार सरकारसँग निर्माण वातावरण बनाइदिन अनुरोध गरेको छ तर भारतकै दबाबका कारण वातावरण बन्न नसकेको लमजुङमा अनुभव गरिएको छ ।

मर्स्याङ्दी ए आयोजनाको लक्ष्य २०७० असोजदेखि व्यापारिक जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखेकोमा त्यो लक्ष्य झन पर सर्ने अवस्था टड्कारो देखिएको छ ।

## भट्टराई गले, पुष्पकमल भाले

काठमाडौं । २४ वर्ष लामो पार्टी नेतृत्वबाट नथाकेका र तृप्त नभएका पुष्पकमल दाहाल अरू केही वर्ष एमाओवादीको नेतृत्वमै रहने वातावरण बनाउन सफल भएका छन् ।

डा. बाबुराम भट्टराईले जतिसुकै विद्रोहको आगो बाल्न खोजे पनि भट्टराई चिच्याउँदा- चिच्याउँदा थाक्न पुगेका छन् र एमाओवादी केन्द्रीय समितिभित्र पुष्पकमलकै नेतृत्व स्वीकार गर्ने माहोल बन्न पुगेको हो । केही छिन नारायणकाजीले पनि पुष्पकमललाई 'म नभए आकाश खस्छ' भनेर नसोच भने पनि उनी अहिले पुष्पकमलको छहारीमा चुनाव हारेको चिसोको ताप ताप्न पुष्पकमलसँग पुगिसकेका छन् । यतिखेर पुष्पकमलले आफू विरूद्धको आवाजलाई कसरी पार्टी मजबुत पार्ने भन्नेतिर मोडिसकेका छन् ।

## मलेसिया रोजगारमा बायोमेट्रिक विवाद

काठमाडौं । मलेसियाको रोजगारमा स्वास्थ्य परीक्षणका लागि बायोमेट्रिक एजेन्ट विवाद बढ्न थालेको छ । सरकारले मलेसियाको रोजगारमा स्पष्ट धारणा सार्वजनिक गर्न नसक्दा बायोमेट्रिक एजेन्ट विवाद बढेको हो ।

मलेसियामा सरकारले निर्धारण गरेको लागत शुल्कमा कामदार पठाउन सकिने भए पनि बायोमेट्रिक परीक्षणले थप खर्च बढाउनेछ । सरकारले मलेसियाका लागि ८० हजार रूपैयाँ लागत निर्धारण गरेको छ । नेपाली व्यवसायीले कामदारको भिसा ल्याउँदा नै ८० हजार रूपैयाँ प्रतिकामदार मलेसियन एजेन्टलाई दिइरहेका छन् ।

पछिल्लो समय भिसा शुल्कमा ७ सय रूपैयाँ लाग्दै आएकोमा ३ हजार २ सय भिएलएन भन्ने एजेन्टलाई बुझाउनुपर्दा व्यवसायी असन्तुष्ट छन् । अर्कातिर बेस्टिनेट बिएचडी नामक कम्पनीले गर्ने बायोटिक प्रणालीमा पनि १ हजार ५ सय रूपैयाँ थप शुल्क लिन लागेपछि स्वास्थ्य व्यवसायीमाझ पनि विवाद चर्किएको छ । नेपाल वैदेशिक रोजगार मेडिकल एसोसिएसनका अध्यक्ष खड्गबहादुर श्रेष्ठले बायोमेट्रिक प्रणालीको फाइदा सीमित कमिसन एजेन्टलाई मात्र हुने बताए ।

उनले मलेसिया गएका विदेशी कामदारले मलेसिया सरकारले इजाजत दिएको 'फोमेमा' भन्ने त्यहाँको स्वास्थ्यसंस्थामा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराउनुपर्ने भएकाले यसले कामदारको खर्च मात्र बढाउने जिकिर गरे । 'रिपोर्टमा खराब प्रतिवेदन देखिनासाथ उनीहरूलाई आफ्नै मुलुकमा फर्काउने कार्य हुने भएकाले यसको औचित्य कतै देखिँदैन,' उनले भने ।'

नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष प्रवीण तिवारीले मलेसियाबाट प्रतिमहिना एक सय ६० कामदार फर्किरहेकाले गुणस्तरीय स्वास्थ्य परीक्षणविरूद्ध कोही अघि बढ्न नहुने बताए । 'मलेसियाबाट फर्कने कामदार संख्या ठूलो छ,' उनले भने ।

व्यवसायी मलेसियाको रोजगारमा कमिसन बढाउने प्रतिस्पर्धाले लागत शुल्कमा थप विवाद सिर्जना गरेको बताउँछन् । सरकारले निर्धारण गरेको लागत शुल्क र सेवा शुल्क न्यून भइरहेको अवस्थामा रोजगार कोटा ल्याउँदा दिइने कमिसनले व्यवसायीको छविमा नकारात्मक असर परेको उनीहरूको भनाइ छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघकी महासचिव सुवर्ण श्रेष्ठले मलेसियाको रोजगारलाई विवादित हुन नदिन सरकारले समयमा नै सजगता अपनाउनु आवश्यक भएको बताइन् । 'मलेसियाबाट स्वास्थ्यका कारण फर्कने कामदार संख्याबराबर नयाँ कामदार जान पाउने नीति आउन सकेमा व्यवसायीको रकम गुम्ने जोखिम न्यूनीकरण हुनेछ,' उनले भनिन्, 'स्वास्थ्य परीक्षणबाट फर्कने संख्या घटाउन स्वास्थ्य व्यवसायीले ल्याउने कार्यक्रममा संघको समर्थन रहनेछ ।' उनले बायोमेट्रिक प्रणालीको विवादलाई नेपाल र मलेसिया सरकारले बढ्न दिन नहुने बताइन् ।

तेन्दुली म्यानपावरका प्रबन्ध सञ्चालक देवेश प्रसाईंले मलेसियाको रोजगारबाट फर्कने कामदारको प्रकृतिअनुसार क्षतिपूर्ति निर्धारण गरिनुपर्ने बताए ।

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरु देशका राष्ट्रिय पहिचान हुन्। यस्ता कुराहरुको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार